"प्रोवेशनमा सहभागीता, गुणस्तरियता र व्यवसायीकता"

# नवजागरण बचत तथा ऋण सहकारी संस्था लि.

## Nawajagaran Saving & Credit Co-operative Ltd.

Manthali-1, Ramachhap 048-540380 nawajagaransaccos@gmail.com

# 21 औं Annual Report

## वार्षिक साधारण सभा

२०७६ असोज ४ गते शनिबार

www.nawajagaran.coop.np

## संचालक समिति

श्याम थापा
(अध्यक्ष)

दिपक कुमार क्षेत्री
(उपाध्यक्ष)

सोमेश थापा
(सचिव)

जगन्नाथ दाहाल
(कोषाध्यक्ष)

नारायण ब. कार्की
(सदस्य)

कमला कुमारी थापा
(सदस्य)

कुमारी माझी
(सदस्य)

भिमसेन थापा
(सदस्य)

सान्ता कमारी श्रेष्ठ
(सदस्य)

## लेखा सुपर्वक्षण समिति



भुवन हरी प्रसाई
(अध्यक्ष)

दामोदर थापा
(सदस्य)

कविता श्रेष्ठ
(सदस्य)

## सल्लाहकार उप-समिति

पशुपति ब. खडका

शिव कु. कार्की

नारायण दास श्रेष्ठ

"समुदायमा आधारित गतिशिल, प्रतिश्पर्धी एवं दिगो वित्तिय सहकारी संस्था"

दर्ता नं. ३५२/०५५/०५६ फोन नं. ०४८-५४०३८०/०४८५४०६८०

नवजागरण बचत तथा ऋण सहकारी संस्था लि.
Nawajagaran Saving & Credit Co-operative Ltd.

Manthali-1, Ramachhap
048-540380
9744042069
nawajagaransaccos@gmail.com
info@nawajagaran.coop.np
www.nawajagaran.coop.np

पत्र संख्या :- ०७६/०७७ मिति :- २०७६/०५/०२
चलानी नं.:- ११५

# बिषय :- साधारण सभामा उपस्थिति हुने बारे ।

शेयर सदस्य ज्यू,

उपरोक्त विषयमा यस नवजागरण बचत तथा ऋण सहकारी संस्था लि. मन्थली रामेछापको २१ औं वार्षिक साधारण सभा सम्पन्न हुने भएकोले अनिवार्य तपशिलको मिति समय र स्थानमा, गरिमामय उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

## तपसिल

मिति :- २०७६ असोज ४ गते शनिबार

समय :- बिहान १०.०० बजे

स्थान :- सामुदायिक आवस भवन प्राथमिक स्वास्थय केन्द्र जाने बाटोमा

## छलफलका विषयहरुः

१. सञ्चालक समितिबाट ०७५।०७६ को प्रगति प्रतिवेदन प्रस्तुत तथा अनुमोदन ।

२. सञ्चालक समितिबाट ०७६।०७७ को प्रस्तावित कार्यक्रम प्रस्तुत तथा पारित ।

३. आ.व. ०७५।०७६ को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन ।

४. कोषाध्यक्षबाट आ.व. ०७६।०७७ प्रस्तावित अनुमानित बजेट माथि छलफल तथा पारित ।

५. आ.व. ०७६।०७७ को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।

६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत ।

७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने १० जना शेयर सदस्यहरुको मनोनयन ।

८. संस्थाको विनियम, निति निर्देशिकाहरु सम्बन्धमा ।

९. शेयर लाभांस वितरण सम्बन्धमा ।

१०. मर्जर सम्बन्धी प्रस्ताव ।

११. संचालक समितिको समायावधि सम्बन्धमा ।

१२. विविध ।

.....
सोमेश थापा
सचिव

## यस संस्थाले आ.व. २०७२।०७३ मा रामेछाप जिल्लाबाट आयकर तर्फ सबैभन्दा बढी कर दाखिला गरे बापत प्राप्त सम्मान पत्र

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय, भक्तपुर

सम्मान-पत्र

बत आन्तरण बचत तथा ऋण सहकारी संस्था लि.
स्थायी लेखा नं. ३०३२१५०५

आर्थिक वर्ष २०७२/०७३ मा रामेछाप जिल्लाबाट आयकरतर्फ सबैभन्दा बढी कर दाखिला गर्नु भएकोमा छैठौं राष्ट्रिय कर दिवस २०७४ को पुनीत अवसरमा कदर स्वरूप त्यस लि.लाई यो सम्मान-पत्र प्रदान गरिएको छ । आगामी दिनमा समेत त्यस लि.बाट कर सहभागिता एवं राजस्व संकलनमा निरन्तर उल्लेखनीय योगदान रहने अपेक्षा गरिएको छ ।

सूर्य प्रसाद पोखरेल
प्रमुख कर अधिकृत

किशोर अधु जाफी
महानिर्देशक

मि.ति २०७४ साल भाद्र ७ गते दिनिएर

## ५२ औं राष्ट्रिय सहकारी दिवस २०६५ को अवसरमा डिभिजन सहकारी कार्यालय दोलखाले आफ्नो प्रादेशिक क्षेत्र अर्न्तगत सहकारी संघ संस्थाहरु मध्ये उत्कृष्ट संस्थालाई सम्मानित प्रशंसा पत्र

## नेफ्स्कूनको ३२ औं स्थापना दिवसको अवसरमा नेफ्स्कून फिल्ड कार्यालय दोलखाबाटा उत्कृष्ट बचत कारोबार गरे बापत सम्मान पत्र ।



नेफ्स्कून

नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

प्रशंसा -पत्र

यस केन्द्रीय संघको ३२ औं स्थापना दिवसको अवसरमा नेफ्स्कूनमा आवद्ध संघ/संस्थाहरु मध्येबाट आ.व.२०७५/७६ को नेफ्स्कून दोलखा फिल्ड कार्यालय अन्तर्गत उत्कृष्ट बचत कारोबार गर्ने संस्था छनोट भएको मन्थली न.पा.- २, रामेछाप स्थित नवजागरण बचत तथा ऋण सहकारी संस्था लि. लाई यसै सु-अवसरमा यो प्रशंसा पत्र प्रदान गरिएको छ ।

शिव.जी साण्डेल
प्रमुख कार्यकारी अधिकृत

मिति : २०७६ श्रावण ३२ गते

डी.बी. बस्नेत
अध्यक्ष

नेफ्स्कून, फिल्ड कार्यालय, धोरकोट, दोलखा, नेपाल
फोन नं. +९७७-४९-५२१६२६
Email : dolakhafo@nefscun.org.np

## अन्तराष्ट्रिय सहकारी महासंघद्धारा पारीत सहकारीका सात सिद्धान्तहरू

१) स्वेच्छिक तथा खुल्ला सदस्यता
२) सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण
३) सदस्यहरुको आर्थिक सहभागिता
४) स्वायत्तता तथा स्वतन्त्रता
५) शिक्षा, तालिम र सूचना
६) सहकारीहरु बिच सहयोग
७) समुदाय प्रति चासो

**विजया दशमी, शुभ दिपावली, छठ तथा नेपाल सम्वत् ११४० को पावन अवसरमा शेयर सदस्यहरू, कर्मचारीहरू तथा जिल्लाबासीहरूलाई सु-स्वास्थ्य, दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**श्याम थापा**
**अध्यक्ष**
**नवजागरण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

# २१ औं वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य

**श्याम थापा**
**अध्यक्ष**

यस संस्थाको २१औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथि ज्यू, अतिथि ज्यू, लेखा समिति, संचालक समिति, उपसमितिका पदाधिकारी ज्यूहरु, शेयर सदस्य ज्यूहरु तथा अन्य महानुभावहरुमा सर्वप्रथम संस्था र मेरो व्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिवादन ।

नवजागरण वचत तथा ऋण सहकारी संस्था २०५५ सालमा स्थापना भई शेयर सदस्यको आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्य राखी सहकारी ऐन नियमको परिधिमा रही मन्थली गा.वि.स.को वडा नं. ७ र ८ कार्य क्षेत्र बनाईमासिक रु १०।– बाट वचत संकलन गरी ऋण प्रवाह गर्न थालेको संस्था २०६२ चैत्रबाट ५ वटा गा.वि.स.लाईकार्य क्षेत्र बनाई संचालन गरेको संस्था हाल मन्थली नगरपालिकाको १,२,३,५,६,७,८ रामेछाप नगरपालिकाको वर्डा नं ८ र ५, खाँडादेवी गाउँपालिका ४ र ५, र लिखु गाउपालिका ५ र ७ कार्य क्षेत्र बनाइ कार्य गरिहेको छ । हाल यस संस्थाको करिब ३६ करोड को कारोवार गरिरहेको छ । सिमित साधन र श्रोतका बावजुद पनि शेयर सदस्यहरुको सामुहिक भावना सञ्चालक समिति लगायत विभिन्न उप समिति, कर्मचारीहरुको क्रियाशिलता, इमान्दारिता तथा आर्थिक पारदर्शिकताका कारण संस्था सुदृढ बन्दै गएको छ। यस सस्था ले ५२ औं राष्ट्रिय सहकारी दिवस २०६५ को अवसरमा डिभिजन सहकारी कार्यालय दोलखाले आफ्नो प्रादेशिक क्षेत्र अर्न्तगतका सहकारी संघ सस्थाहरु मध्ये उत्कृष्ट कार्य गरे बापत ०६५ सालको उत्कृष्ट सहकारी संस्था तथा २०७० मा ५७ औं राष्ट्रिय सहकारी दिवस को अवसरमा यस संस्थाका सचिवलाई उत्कृष्ट संचालकको रुपमा सम्मान प्रदान गरेको थियो साथैआन्तरिक राजश्व कार्यालयले रामेछाप जिल्ला भरमा सबैभन्दा बढी कर तिर्ने करदाताको रुपमा आ.व. ०७२/०७३ मा यस संस्थालाई सम्मान गरेको थियो । यसै गरी नेफ्स्कूनको ३२ औं स्थापनाको अवसरमा यस नवजागरण साकोसलाई २०७६ सालको ३ नं. प्रदेशको उत्कृष्ट सहकारीको रुपमा घोषणा गरिएको थियो भने नेफ्स्कून फिल्ड कार्यालय दोलखाबाट पनि उत्कृष्ट बचत कारोबार गर्ने संस्थाको रुपमा सम्मान प्रप्त भएको छ ।

संस्थाको दिगो विकास र पारदर्शिताका संचालन गर्नका लागि संस्थामा निति, विधि र प्रविधिद्धारा संचालन हुन आवश्यक छ । संस्थाको लक्ष्य र उद्देश्य परिपूर्ति गर्नका लागि "समुदायमा आधारित गतिशि, प्रतिश्पर्धी एवं दिगो वित्तिय सहकारी संस्था" परिकल्पना रहेको छ । यस संस्थाको दिगो विकासको लागि गत केहि वर्षदेखि पूर्ण तथा व्यवसायिक साकोसको परिकल्पना सहित प्रोवेशन कार्यक्रममा सहभागि भएका छौँ । यस कार्यक्रमले संस्थाको क्षमता अभिबृद्धि, दिगो विकास र संचालकहरुमा काम गर्ने जोस जाँगरलाई क्रियाशिल बनाएको छ । संस्था व्यक्तिले हैन नितिले चल्नु पर्छ भन्ने मूल मन्त्रका साथ निति र कार्यविधिहरु परिमार्जन गर्दै आएका छौँ। शेयर सदस्यहरुलाई सर्वसुलभ र सहज रुपमा ऋण प्रवाह गर्ने कार्य संचालन गर्न र सम्पन्न गर्न तथा संस्थाको दिगो विकासका लागि आवश्यक कार्ययोजनाहरु तयार गर्ने गरिएको छ ।

यस वर्ष प्रोवेशनको ब्राण्ड लिने र आगामी एक वर्ष भित्र संस्थाको भवन निर्माण कार्य शुरु गर्ने, कर्मचारीको क्षमता अभिबृद्धि गर्ने, कर्मचारीलाई कार्ययोजना सहितको अधिकार प्रत्यायोजन गर्नु, निकट भविष्यमा नै संस्थाको कार्यक्षेत्र भित्र वचत संकलन केन्द्रहरु सञ्चालन गर्नु मुख्य उद्देश्य रहेको छ ।

बचत मार्फत सदस्यको भविष्य सुनिश्चित गर्न र समृद्धिको यात्रा तय गर्नको लागि सदस्यहरुको वचत व्यवस्थापनमा नवजागरण साकोस विगत २१ वर्ष देखि निरन्तर पैरवि गर्दै आइरहेको छ । यसै अवसरमा २१ औँ साधारण सभा सम्पन्न गर्न गइरहेको छ । यस सहकारीले नेपाल सरकारको ऐन, कानुन र विनियमको पूर्ण पालनका साथ सञ्चालन गरि आफ्ना शेयर सदस्यलाई उचित शेयर लाभांश वितरण गर्न सक्षम रहेको छ । यस संस्था रामेछाप जिल्लामा सबैभन्दा बढी जगेडा कोष भएको संस्थामा स्थापित गर्न सफल भएको छ ।

अन्त्यमा हालसम्म संस्थाले हासिल गरेका उपलब्धीहरुलाई संस्थागत गर्ने कार्यमा शेयर सदस्य, सञ्चालक समिति, उपसमिति, व्यवस्थापन टिमको क्रियाशिलताको उच्च प्रशंसा गर्दै संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा जिम्मेवारी दिनु भएकोमा आफ्नो वल वुद्धि विवेकले भ्याएसम्म सफल सहकारीको रुपमा राष्ट्रिय क्षेत्रसम्म पहिचान साथ सहयोग पाएकै कारणले आज संस्था यहाँसम्म पुऱ्याउन सफल भएकोमा म अति हर्षित छु । यस संस्थाको छविलाई अझ उँचो राख्न निरन्तर रुपमा सम्पूर्ण सदस्य महानुभावज्यूहरुको गहन भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास लागेको छ । सहकारी विकासमा सहयोग र हौसला दिनु हुने सम्पूर्ण संघ/संस्था तथा शेयर सदस्यहरु, साथै समितिका सदस्यहरु, सहयोगी शुभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दै रचनात्मक सुझावको लागि विनम्र अनुरोध गर्दछु । छ । यस

संस्था रामेछाप जिल्लामा सबैभन्दा बढी जगेडा कोष भएको संस्थामा स्थापित गर्न सफल भएको छ ।

अन्त्यमा हालसम्म संस्थाले हासिल गरेका उपलब्धीहरुलाई संस्थागत गर्ने कार्यमा शेयर सदस्य, सञ्चालक समिति, उपसमिति, व्यवस्थापन टिमको क्रियाशिलताको उच्च प्रशंसा गर्दै संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा जिम्मेवारी दिनु भएकोमा आफ्नो वल वुद्धि विवेकले भ्याएसम्म सफल सहकारीको रुपमा राष्ट्रिय क्षेत्रसम्म पहिचान साथ सहयोग पाएकै कारणले आज संस्था यहाँसम्म पुऱ्याउन सफल भएकोमा म अति हर्षित छु । यस संस्थाको छविलाई अझ उँचो राख्न निरन्तर रुपमा सम्पूर्ण सदस्य महानुभावज्यूहरुको गहन भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास लागेको छ । सहकारी विकासमा सहयोग र हौसला दिनु हुने सम्पूर्ण संघ/संस्था तथा शेयर सदस्यहरु, साथै समितिका सदस्यहरु, सहयोगी शुभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दै रचनात्मक सुझावको लागि विनम्र अनुरोध गर्दछु ।

धन्यवाद !

जय सहकारी !! जय नवजागरण !!

रामेछापको सदरमुकाम मन्थलीमा रही २०६२ साल देखि निरन्तर रुपमा सहकारी क्षेत्रमा उल्लेखनिय काम गर्दै आएको यस नवजागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई नेफ्स्कूनको ३२ औं स्थापना दिवसको अवसर पारेर ३ नं. प्रदेशकै उत्कृष्ट सहकारी संस्थाको रुपमा घोषणा गरी पुरस्कृत गरिएकोमा यस संस्था नेफ्स्कून परिवार तथा यस संस्थाका संचालक समिति, लेखा समिति, उप-समितिहरू, कर्मचारी लगाएत सम्पूर्ण शेयर सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्दछौं।

नवजागरण बचत तथा ऋण सहकारी संस्था लि. परिवार ।

रमेश कुमार उदाश
व्यवस्थापक

श्याम थापा
अध्यक्ष

# २१ औं वार्षिक साधारण सभामा प्रस्तुत उपाध्यक्षको मन्तव्य

दिपककुमार क्षेत्री
उपाध्यक्ष

सभाका अध्यक्ष्यू,

नवजागरण वचत ऋण सहकारी संस्था लि. को २१ औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु,पत्रकारज्यूहरु,तथा लेखा समिति, उपसमितिका पदाधिकारीज्यूहरु, शेयर सदस्यज्यूहरु तथा अन्य महानुभावहरु हाम्रो निमन्त्रणालाई स्वीकार गरी यँहा पाल्नु भएकोमा सर्वप्रथम संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

गौरवपूर्ण इतिहास निर्माण गर्न साहसिक यात्राको जरुरी पर्दछ भन्ने वाक्यलाई आत्मसाथ गर्दै सहकारी अभियान र सहकारीले झेल्नु परेका विभिन्न समस्या एवं नयाँ ऐन मार्फत आएका प्रावधानहरुको इमान्दारितापूर्वक कार्यान्वयन गरि संस्थालाई नयाँ गति प्रदान गर्न हामि सबैको दायित्व हो । नयाँ ऐनले थुप्रै सकारात्मक व्यवस्था गर्नुको बाबजुद चुनौति पनि थपेको छ ।

यस संस्थाले स्थापना काल देखिनै आफ्ना सदस्यहरु लगायत आम नेपालीहरुको आर्थिक, सामाजिक र सास्कृतिक विकासको मुल उद्देश्य बोकेर अघि बढ्ने कोसिस गरिरहे को छ । सो उद्देश्य अनुरुप आज यस संस्थाले उक्त कार्यहरु गर्दै केही सफलता समेत मिलेको हामीले देखेकै छौँ । संस्थालाई अग्रगति  दिई समुदायमा स्थापित गराउने महत्वपूर्ण भुमिका यहाँहरुकै हो । जसको फल स्वरुप आज यस संस्था प्रगति तर्फ लम्किरहेकोछ । विश्वका जुनसुकै ठाउँमा रहेका सहकारी संस्थाहरु एउटै मूल्य मान्यता र सिद्धान्तबाट निर्देशित र संचालित हुने छ । सहकारीको यही मुल आर्दशलाई आत्मसाथ गर्दै यस संस्थाको कार्यक्षेत्र भित्रका सेयर सदस्यहरुबाट संकलित थोरै थोरै बचतबाट पूँजी संकलन गरी सहकारी अभियानमा सहभागी भयौँ। यसमा छाता संघ केन्द्रीय बचत तथा ऋण सहकारी संस्था लि. (नेफ्स्कुन) को महत्वपुर्ण भूमिकालाई पनि विर्सिन सकिन्न ।त्यस्तै जिल्ला यूबा परिषद, उद्योग बाणिज्य संघ मन्थली तथा स्थानीय निकायहरुबाट प्राप्त सहयोग तथा प्रेरणाको भूमिका समेत महत्वपुर्ण रहेको छ । उपरोक्त संघ संस्था तथा व्यक्तिहरु प्रति हार्दिकताका साथ आभार व्यक्त गर्दछु ।

आज यस महत्वपूर्ण दिनमा यस्तै उपलब्धी भएका कार्यहरुको बारेमा जानकारी गराउन साथै भुलवस भएका कमीकमजोरीहरुको बारेमा छलफल तथा अन्तरक्रिया गर्न आजको यस सभाको मुल ध्येय भएको जानकारी गराउँदछु । यस्तै छलफल तथा अर्न्तक्रियाद्वारा नै २१ औं शताब्दीको प्रतिस्पर्धात्मक आगामी दिनहरुको लागि उपलब्धीमुलक कार्यक्रमहरु तर्जुमा गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा संस्था विकासको दौरानमा विभिन्न आरोह अवरोहहरु समेत पार गर्न सहयोग गर्नुहुने सहकारी सदस्य मित्रहरु जसले निरन्तर रुपमा संस्थागत विकासमा अतुलनीय योदाना पुऱ्याई यहाँ सम्म ल्याउन सफल हुनु भएको छ । उहाँहरुलाई स्मरण गर्दछु र संस्थाको विकास र बिस्तारमा सहयोग गर्नु हुने सबैलाई आभार व्यक्त गर्दै पुन स्वागत  गर्दछु । स्वागतम स्वागतम सु-स्वागतम ।

जय सहकारी

जय नवजागरण

## सहकारीका सिद्धान्तहरु

### क) अन्तराष्ट्रिय सहकारी महासंधद्वारा पारीत सहकारीका सात सिद्धान्तहरु

१. स्वेच्छिक तथा खुला सदस्यता

२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण

३. सदस्यहरुको आर्थिक सहभागिता

४. स्वायत्तता तथा स्वतन्त्रता

५. शिक्षा, तालिम र सुचना

६. सहकारीहरु बिच सहयोग

७. समुदाय प्रति चासो



# नवजागरण बचत तथा ऋण सहकारी संस्था लि.

मन्थली न.पा. १, रामेछाप

## स्थापनाको संक्षिप्त पृष्ठभूमि :

यो सहकारीको स्थापना २०५५ साल श्रावण १२ गते भएको हो । स्थानीय २५ जना महिला हरुको सक्रियतामा स्थापना भएको यो संस्था शेयर सदस्यहरुको समृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी उत्पादनशिल, आयमुलक,सीपमुलक उदेश्यका लागि सदस्यहरुलाई उचित ब्याजदरमा ऋण प्रदान गर्ने, सदस्यहरुलाइ प्रतिस्पर्धात्मक दरमा व्याज दिने ,सदस्यहरुलाई आत्मानिर्भरता तर्फ उन्मुख गराउदै आय आर्जनको क्षमता बृद्धि गराउने, समाजमा आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउने लगाएतका उदेश्य रहेको थियो । संस्था स्थापना कालमा मासिक रु. १०/- बाट बचत संकलन गरि ऋण प्रवाह गर्न थालेको संस्था हाल ३८ करोड भन्दा माथीको कारोबार गरिरहेको छ । ५२ औं राष्ट्रिय सहकारी दिवस २०६५ को अवसरमा डिभिजन सहकारी कार्यालय दोलखाले आक्नो प्रादेशिक क्षेत्र अर्न्तगतका सहकारी संघ सस्थाहरु मध्ये उत्कृष्ट कार्य गरे बापत साथै तथा ५७ औं राष्ट्रिय सहकारी दिवस को अवसरमा यस संस्थाका सचिवलाई उत्कृष्ट संचालकको रुपमा प्रसंसा पत्र प्रदान गरेको थियो । साथै आन्तरिक राजश्व कार्यालयले रामेछाप जिल्ला भरमा सबैभन्दा बढी कर तिर्ने करदाताको रुपमा आ.व. ०७२/०७३ मा यस संस्थालाई सम्मान गरेको थियो । यसै गरी नेफ्स्कूनको ३२ औं स्थापनाको अवसरमा यस नवजागरण साकोसलाई २०७६ सालको ३ नं. प्रदेशको उत्कृष्ट सहकारीको रुपमा घोषणा गरिएको थियो भने नेफ्स्कून फिल्ड कार्यालय दोलखाबाट पनि उत्कृष्ट बचत कारोबार गर्ने संस्थाको रुपमा सम्मान प्रप्त भएको छ ।

## परिकल्पना, ध्येय र उद्देश्य निर्माण :

क) परिकल्पना :

समुदायमा आधारित गतिशिल प्रतिश्पर्धीदिगो वित्तिय सहकारी संस्था

ख) ध्येय :

समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्दै वातावरणीय अनुकुलन/संरक्षण तथा सम्बर्द्धन गरी उचित मुल्यमा वचत, ऋण, मनिट्रान्सफर तथा सदस्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने।

ग) उद्देश्यहरु :

शेयर सदस्यहरुको समृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखि सहकारी ऐन नियमको परिधि भित्र रहि उत्पादनशिल, आयमुलक, सीपमुलक उद्देश्यका लागि सदस्यहरुलाई उचित व्याजदरमा ऋण प्रदान गर्ने, सदस्यहरुलाई प्रतिस्पर्धात्मक दरमा व्याज दिने, सदस्यहरुलाई आत्मनिर्भता तर्फ उन्मुख गराउँदै आय आर्जनको क्षमता बृद्धि गराउने,समाजमा आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउने लगायतका उद्देश्य लिएको छ ।

क) संस्थामा संलग्न सदस्यहरु र जनसमुदाय बीच स्वावलम्वन, पारस्परिक सहयोग एवंम मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने,

ख) नियमितरुपमा सदस्यहरुवाट निक्षेप प्राप्त गर्नुका साथै उनिहरुले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने,

ग) उत्पादनशील, आयमूलक, सीपमूलक एवं सदस्यको आवश्यकताका आधारमा सदस्यहरुलाई उचित व्याजदरमा ऋण प्रदान गर्ने,

घ) आत्मनिर्भरता तथा आत्म विश्वास सम्बन्धी धारणा बारे सदस्यहरुलाई उत्प्रेरित गर्ने,

ङ) सदस्यहरुलाई आय आर्जन क्षमतामा वृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलव्ध गराउनु,

च) सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने,

छ) साधारण जनताका आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरुको दाँजोमा पुग्ने उद्देश्य लिईगठित केन्द्रयि संघको सदस्यता ग्रहण गर्ने,

ज) दातृ संस्थाहरुबाट कुनै शर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्नु,

झ) आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय विकासका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने,

ञ) सदस्यहरुको समृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य संचालनका साथैचल–अचल सम्पत्ति आर्जन गर्नेक्रय–विक्रय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने, चन्दा दिने, धरौटी राख्ने, धितो बन्धक राख्ने आदि कार्य गर्ने,

## संस्थाको शेयर/संस्थाको चुक्ता पुँजी

संस्थाको हाल जारी पुँजी रु. ६ करोड रहेको छ । यस संस्थाले प्रति शेयर रु. १००।- का दरले जम्मा ६,००,००० थान कित्तामा विभाजन गरिएको छ । हाल संस्थाको मिति २०७६।०३।३१ सम्मको रु. ३,६३,४६,६००।- चुक्ता शेयर पुँजी रहेको छ ।

## परिकल्पना (Vission)

**समुदायमा आधारित गतिशिल प्रतिश्पर्धी दिगो वित्तिय सहकारी संस्था ।**

## ध्येय (Mission)

**समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै वातावरणीयअनुकुलन/संरक्षण तथा सम्बर्द्धन गरी उचित मुल्यमा वचत, ऋण, मनि ट्रान्सफर तथा सदस्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।**

ट) सदस्यहरु तथा संस्थागत विकासका लागि आय-आर्जन परियोजना सञ्चालन गर्ने,

ठ) समाजका कमजोर वर्गर निम्न आय भएका व्यक्ति वा समुहको आर्थिक-सामाजिक उत्थानमा सहयोग पुऱ्याउने,

ड) अन्य संघ-संस्थाबाट ऋण लिने,

ढ) संस्थाको तरलतालाई व्यवस्थित गर्न बैंक तथा वित्तिय संस्थामा निक्षेप राख्ने,

ण) विभिन्न संघ संस्थासँग समन्वय गरी रेमिटान्स (मनिट्रान्सफर) कार्यसंचालन गर्ने,

त) सदस्य तथा सामुदायिक हितको लागि सामाजिक क्रियाकलापहरु संचालन गर्ने,

थ) वातावरण अनुकुलन र साँस्कृतिक रुपान्तरण एवं पर्यटन पर्वद्धनमा सहयोग गर्ने,

द) संस्था संचालनको लागि आवश्यक भौतिक पूर्वाधारहरु व्यवस्थापन गर्दैलाने,

ध) सदस्यहरुको सुविधाका लागि सेवाकेन्द्र संचालन गर्ने,

न) सहकारी संस्थाहरु सँग एकिकरण गर्ने गराउने,

प) स्थानिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने

## आगामी योजनाका मार्ग निर्देशक सिद्धान्तहरु :

१. संस्थालाई वित्तीय र व्यवस्थापकीय रुपमा सक्षम र दिगो रुपमा संचालन गर्न आवश्यक पूर्वाधारहरुको व्यवस्था गर्ने।

२. सम्भावित सहकारी संस्थाहरुसँग एकीकरणको प्रयास गरी एउटै दीगो र भरपर्दो संस्थाको रुपमा विकास गर्ने।

३. कार्यक्षेत्र विस्तार गरी संस्थाको सेवालाई व्यापक रुपमा विस्तार गरी सदस्यता अत्याधिक रुपमा वृद्धि गर्ने।

४. संस्थागत पुँजीमा वृद्धि गरी संस्थालाई दिगो र भरपर्दो रुपमा विकास गर्ने।

५. जेष्ठ तथा असक्त सदस्यहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिने खालका कार्यक्रमहरु संचालन गर्ने।

६. संचालकहरुको क्षमता विकास गरी उनीहरुलाई सक्रिय तथा जिम्मेवारी बनाउने ।

७. कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरी जिम्मेवारी एवं सदस्य मैत्री बनाउने ।

८. सेवा केन्द्रहरुको विस्तार गर्ने।

# नवजागरण वचत तथा ऋण सहकारी संस्था लिमिटेड
## मन्थली, रामेछाप
## वार्षिक प्रगति प्रतिवेदन २०७६

**सोमेश थापा**
**सचिव**

सभाका अध्यक्ष ज्यू,

यस संस्थाको २१औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, अतिथिहरुज्यू, संचालक ज्यूहरु, उपसमितिका पदाधिकारीज्यूहरु, शेयर सदस्यज्यूहरु तथा अन्य महानुभावहरुमा सर्वप्रथम संस्था र मेरो व्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिवादन ।

यस नवजागरण वचत तथा ऋण सहकारी संस्था लि. २० औँ वर्ष पुरा गरि २१ औं वर्षमा यात्रा निरन्तर उचाई चुम्दै गइरहेको सन्दर्भमा आज हामी २१ औँ साधारण सभामा जुटिरहेका छौँ । नयाँ संविधान निर्माण पश्चात हालै नयाँ सहकारी ऐन जारी भई ऐनले सहकारी व्यवसायका माध्यमबाट आत्म निर्भर दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने अवधारणा अगाडी सारेको सन्दर्भमा सो को प्रभावकारी कार्यान्वयन मार्फत समाजमा व्याप्त गरिबि र आर्थिक क्षमताका आधारमा भएका विभेदको अन्त्य गर्न नवजागरण साकोस क्रियाशिल रहँदै आएको छ ।

आदरणीय शेयर सदस्य महानुभावज्यूहरु आ.व. ०७५/०७६ मा भएको प्रगति तथा कार्यक्रमहरु यस सम्मानित सभामा अनुमोदनको लागि यो वार्षिक प्रतिवेदन बुँदागतरुपमा पेश गर्दछु ।

१) मिति २०७५।०६।१३ गते संस्थाको २० औं वार्षिक साधारण सभा सामुदायिक आवास भवन मन्थलीको प्रांगणमा ३ नं. प्रदेश सभा सदस्य शान्तिप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । साथै आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल भई पारित भएको थियो ।

२) संस्थाको अघिल्लो आ.व.मा सदस्य संस्या ५२४३ जनाबाट हाल ५९०९ जना (आषाढ मसान्त) पुगेका छन् । जसमा महिला २८७८ जना पुरुष २९८२ जना र संस्थागत ४९ रहेका छन् ।

३) संस्थाको अघिल्लो आ.व.मा चुक्ता शेयर २ करोड ५० लाख ८३ हजार १ सय मात्र (आषाढ मसान्त) थियो भने हाल ३ करोड ६३ लाख ४६ हजार ६ सय मात्र (आषाढ मसान्त) रहेको छ ।

४) संस्थाको अघिल्लो आ.व.मा वचत रकम हाल २२ करोड ९७ लाख ५२ हजार ७१४ रुपैंया पैसा ९०मात्र (आषाढ मसान्त) रहेकोमा हाल २५ करोड ३४ लाख १९ हजार ०५९ रुपैंया पैसा ३२मात्र ( आषाढ मसान्त) रहेको छ ।

५) संस्थाको अघिल्लो आ.व.मा ऋण लगानी रु.२४ करोड ०६ लाख ७९ हजार ५१५।- मात्र (आषाढ मसान्त) रहेकोमा मा हाल रु. २६ करोड ११ लाख ४६ हजार ६३३।- मात्र (आषाढ मसान्त) रहेको छ ।

६) आर्थिक कमजोर शेयर सदस्यहरुका छोराछोरी मध्ये कक्षा १,देखी १२ कक्षा मा अध्ययन गरिरहेका विद्यार्थी हरु मध्ये ३१ जना लाई कापी, कलम खरिद गरि तपसिलका छात्र/छात्राहरुलाई प्रदान गरीयो ।

| क्र.सं. | सदस्यको नाम | विद्यार्थीको नाम | कक्षा |
|---|---|---|---|
| १ | बुनुका माझी | स्मृति माझी | १ |
| २ | भिम बहादुर कार्की | रिता कार्की | १ |
| ३ | रितामाया रोका | सुमन रोका | २ |
| ४ | जीत बहादुर सार्की | रन्जिता विसुन्के | ३ |
| ५ | चुढा बहादुर कार्की | सविन कार्की | ४ |
| ६ | रुद्र बहादुर माझी | सावित्रा माझी | ४ |
| ७ | राधिका रोका | जानुका रोका | ४ |
| ८ | धनमाया मानन्धर | टिकामाया मानन्धर | ५ |
| ९ | जुने माझी | करुणा माझी | ५ |
| १० | कुमार तामाङ | स्मृति तामाङ | ५ |
| ११ | शान्ति खत्री | अनुप भट्टराई | ६ |
| १२ | धन कुमार दमिनि | अनिषा नेपाली | ७ |
| १३ | नरबहादुर सार्की | सविन सार्की | ७ |
| १४ | पदम कुमारी कार्की | प्रसान्त कार्की | ७ |
| १५ | अनिता कार्की | सुदिक्षा कार्की | ८ |
| १६ | शिवमाया रोका | उषा थापा | ८ |
| १७ | सोम बहादुर ढुंगेल | शोभा ढुंगेल | ८ |
| १८ | कुल बहादुर खड्का | राजुकुमार खड्का | ९ |
| १९ | सावित्रा वस्नेत | पर्शुराम वस्नेत | ९ |
| २० | कृष्ण बहादुर रोका | पार्वती रोका | ९ |

| | | | |
|---|---|---|---|
| २१ | यन माया श्रेष्ठ | पवित्रा श्रेष्ठ | ५ |
| २२ | यनमाया बरुवाल | देवकि बरुवाल | ५ |
| २३ | डम्बर कुमार श्रेष्ठ | अनु श्रेष्ठ | ५ |
| २४ | नारद भुजेल | गंगा भुजेल | ५ |
| २५ | राम बहादुर वस्नेत | अनिता वस्नेत | १० |
| २६ | भलमाया बुढाथोकी | कमला बुढाथोकी | १० |
| २७ | रामप्यारीकार्की थापा | विवेक थापा | १० |
| २८ | सुन्नी कर्मचार्य | संजीव कर्मचार्य | १० |
| २९ | मसली बुढाथोकी | प्रकाश बुढाथोकी | १० |
| ३० | खेच बहादुर कार्की | रचना कार्की | १० |
| ३१ | बाल कुमारी वस्नेत | सिता वस्नेत | १० |

**७) गत आ.व.मा संस्थामा राम्रोसँग वचत तथा ऋणको कारोवार गर्ने असल शेयर सदस्यलाई सम्मान तथा उपहार कार्यक्रम २९ जना सदस्यहरुलाई गरियो ।**

| क्र.सं. | सदस्यको नाम | ठेगाना | सदस्यता नं. |
|---|---|---|---|
| १ | हिरालाल श्रेष्ठ | मन्थली ४ | १०७९ |
| २ | इन्द्र बहादुर गुरुङ | मन्थली १ | १६४३ |
| ३ | हरि बहादुर मगर | मन्थली १ | १७४ |
| ४ | रोशन बहादुर खत्री | मन्थली ३ | १८९४ |
| ५ | अक्कल बहादुर माझी | मन्थली ७ | ८७० |
| ६ | रिता माझी | मन्थली ८ | ३५२१ |
| ७ | निरज कुमार श्रेष्ठ | मन्थली १ | ३६६२ |
| ८ | दयाविर माझी | मन्थली ७ | २१०१ |
| ९ | गिता बुढाथोकी | मन्थली ७ | २५६० |
| १० | चन्द्र बहादुर मानन्धर | मन्थली १ | ८२ |
| ११ | कृष्ण प्रसाद ढुंगेल | मन्थली १ | ९४ |
| १२ | उषा कार्की | मन्थली ७ | ६९९ |
| १३ | अमृता गुप्ता | मन्थली १ | ३४६७ |
| १४ | गोमा विश्वकर्मा | मन्थली १ | २८५४ |
| १५ | लक्ष्मी श्रेष्ठ | मन्थली ६ | १३८६ |
| १६ | कल्पना अधिकारी | मन्थली २ | ३५७३ |

| | | | |
|---|---|---|---|
| १७ | रन्जना चापागाई | मन्थली १ | ४५४८ |
| १८ | बुद्धिबहादुर तामाङ | लिखु तमाकोसी ५ | ३६४४ |
| १९ | भिम प्रसाद पौडेल | खाडादेबी ५ | १०३५ |
| २० | मोती बहादुर सारुमगर | मन्थली ८ | ४००९ |
| २१ | मेख बहादुर भुजेल | मन्थली ५ | ४३१६ |
| २२ | रोज बहादुर तामाङ्ग | मन्थली १ | १८२ |
| २३ | यज्ञ प्रसाद चौलागाई | मन्थली १ | ४८२ |
| २४ | गोविन्द प्रसाद अधिकारी | लिखु तामाकोसी ७ | ४५१ |
| २५ | दिपक भट्ट | मन्थली २ | ९०९ |
| २६ | मनोज पौडेल | खाडादेबी ५ | १७७८ |
| २७ | दिपक कुमार थापा | मन्थली ६ | ३५८ |
| २८ | ध्रुबकुमार थापा | मन्थली ६ | २०१५ |
| २९ | श्याम श्रेष्ठ | मन्थली १ | ३५६४ |

## ८) संस्थाका ४ जना ज्येष्ठ शेयर सदस्यहरुलाई सम्मान गरियो ।

| क्र.सं. | नाम | ठेगाना | सदस्यता नं. |
|---|---|---|---|
| १ | इन्द्र बहादुर कार्की | मन्थली २ | ३५७२ |
| २ | विर बहादुर रोका | मन्थली ३ | २९०८ |
| ३ | शिव कुमारी भट्टराई | मन्थली ३ | २७८३ |
| ४ | पदम कुमारी थापा | मन्थली ६ | ३८९० |

## ९) संस्थाको कार्यक्रमलाई स्वस्थ ढंगबाट अगाडी बढाउनका लागि गत आ.व.मा सञ्चालक समितिको २१ वटा पूर्ण वैठक बसेको थियो । जसमा उपस्थिति निम्न रहेको छ ।

| क्र.स. | पद | नाम | बैठक बसेको संख्या | उपस्थिति | अनुपस्थिति |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | श्याम थापा | २१ दिन | १९ दिन | २ दिन |
| २ | उपाध्यक्ष | दिपककुमार क्षेत्री | २१ दिन | १७दिन | ४ दिन |
| ३ | सचिव | सोमेश थापा | २१ दिन | २१ दिन | ० दिन |
| ४ | कोषाध्यक्ष | जगन्नाथ दाहाल | २१ दिन | १८ दिन | ३ दिन |
| ५ | सदस्य | शान्ता कुमारी श्रेष्ठ | २१ दिन | १० दिन | ११ दिन |
| ६ | सदस्य | नारायणबहादुर कार्की | २१ दिन | १७ दिन | ४ दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सदस्य | कुमारी माझी | २१ दिन | १८ दिन | ३ दिन |
| ८ | सदस्य | भिमसेन थापा | २१ दिन | १४ दिन | ७ दिन |
| ९ | सदस्य | कमलाकुमारी थापा | २१ दिन | १० दिन | ११ दिन |

१०) हाल जगेडा कोषमा रु. ४ करोड ०६ लाख २० हजार ४४४।५८ छ भने अन्य कोषमा जम्मा रु. १ करोड ४१ लाख ७४६।९३ रहेको छ भने भबन निमार्ण कोषमा रु. २३ लाख ३२ हजार २०९ रहेको छ ।

११) बचत तथा ऋण सहकारी संस्थाको छाता संस्थाका रुपमा रहेको नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) सँग आबद्धता भइरहेको र त्यसलाई बार्षिकरुपमा मासिक बचत जम्मा गरिरहेको छ । साथै रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघ र जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैंकमा पनि आबद्धता भएको छ ।

१२) ६२ औं राष्ट्रिय सहकारी दिवस कार्यक्रममा सक्रिय सहभागी भई कार्यक्रम सम्पन्न गरियो ।

१३) आ.व. २०७६।०७७ को बजेट तथा योजना निर्माणका लागी बिस्तारीत मञ्च कार्यक्रम प्रत्येक वडाका ७ स्थानमा सम्पन्न गरियो ।

१४) संस्थाको २० औं साधारण सभामा नेपाल पत्रकार माहासंघ रामेछापलाई १ थान कम्प्यूटर हस्तान्तर कार्यक्रम गरियो ।

१५) २० औं साधारण सभामा अन्तिमसम्म उपस्थित शेयर सदस्य मध्येबाट चिठ्ठाबाट काँस थाल पुरस्कार प्रदान गरियो ।

१६) संस्थाको २० औं साधारण सभामा चिठ्ठा काटि छनौट भएका शेयर सदस्यहरुको सहकारी अध्ययन अवलोकन भ्रमण कार्य २०७५ फाल्गुणमा सम्पन्न गरियो ।

१७) संस्थाले आयोजना गरेको बाल भेला कार्यक्रम मिति २०७६ बैशाख २८ गते सम्पन्न गरि ९ जना सदस्य भएको बाल क्लब गठन गरियो ।

१८) संस्थाको अयोजनामा प्रोवेशन कार्यक्रमको १८ औं समिक्षा बैठक मिति २०७६।०१।०७ गते मन्थलीमा प्रमुख अतिथि ३ नं. प्रदेश सभा सदस्य शान्ति प्रसाद पौडेलको आतिथ्यतामा सम्पन्न गरियो ।

१९) गत आ.ब.मा यस संस्थाको शेयर सदस्यहरु तथा परिवारमा असमाहिक निधन भएका सदस्यहरुलाई राहत स्वरुप जम्मा रु. ३,०१,०००।- राहत प्रदान गरियो । संस्था असमाहिक निधन हुनुभएका सदस्यहरु तथा परिवारजनमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ ।

| क्र.स. | नाम,थर | सदस्य नं. | ठेगाना | रकम रु. |
|---|---|---|---|---|
| १ | जगत बहादुर कार्की | २४४ | मन्थली न.पा. १, रामेछाप | २०,०००।- |
| २ | बेख बहादुर वस्नेत | ३६५७ | मन्थली न.पा. २, रामेछाप | २०,०००।- |
| ३ | नुरमाया कार्की | २२९९ | मन्थली न.पा. २, टेकानपुर | २०,०००।- |
| ४ | शिव प्रसाद पौडेल | ४०४० | खाँडादेवी गा.पा. ५, पकरवास | २०,०००।- |
| ५ | भिम बहादुर रोका | ३५४१ | मन्थली न.पा. ३, कठजोर | २०,०००।- |
| ६ | इन्द्र बहादुर कार्की | ३५७२ | मन्थली न.पा. २, टेकानपुर | २०,०००।- |
| ७ | इम बहादुर बरुवाल | १५२४ | मन्थली न.पा. ३, कठजोर | २०,०००।- |
| ८ | मिन कुमार श्रेष्ठ | ५०५२ | गौशाला न.पा. ५, महोत्तरी | २०,०००।- |
| ९ | हर्क बहादुर तामाङ | ३०६२ | लिखु तामाकोशी ५, नागदह | २०,०००।- |
| १० | यकिन्द्रबहादुर खत्री | ३४९३ | मन्थली न.पा. ३, कठजोर | २०,०००।- |
| ११ | रामबहादुर खड्का | ४८६९ | मन्थली न.पा. ७, भटौली | २०,०००।- |
| १२ | रुकुकुमारी कार्की | १६६० | मन्थली न.पा. ५, सुनारपानी | २०,०००।- |
| १३ | काले माझी | ६९२ | मन्थली न.पा. ६, भलुवाजोर | २०,०००।- |
| १४ | दिनेश थापा | १०८६ | मन्थली न.पा. ६, भलुवाजोर | २०,०००।- |

| क्र.सं. | सदस्यको नाम | सदस्य नं. | निधन भएको परिवारको नाम | ठेगाना | रकम रु. |
|---|---|---|---|---|---|
| १५ | डिक बहादुर खडका | ६१४ | गुञ्जबहादुर खड्का | मन्थली न.पा. ७, भटौली | ३,०००। - |
| १६ | लक्ष्मी राना मगर | ४३६५ | रोहित बहादुर मगर | मन्थली न.पा. २, कठजोर | ३,०००। - |
| १७ | नर बहादुर सार्की | २२९३ | मैया सार्की | मन्थली न.पा. ४, सालु | ३,०००। - |
| १८ | रत्न बहादुर मानन्धर | १२४८ | सितामाया मानन्धर | खाँडादेवी गा.पा. ४, पकरवास | ३,०००। - |
| १९ | दल बहादुर खत्री | ४२९१ | निम बहादुर खत्री | मन्थली न.पा. ७, भटौली | ३,०००। - |
| २० | अमृत बहादुर खड्का | २१५७ | तेज कुमारी खड्का | मन्थली न.पा. ७, भटौली | ३,०००। - |
| २१ | हेमबहादुर थापामगर | ३३९ | राममाया थापामगर | मन्थली न.पा. ७, भटौली | ३,०००। - |

२०) २० जना शेयर सदस्यहरु तथा संचालक समिति, उपसमिति तथा कर्मचारीहरुलाई राम्रा सहकारीको अवोलकन भ्रमण गराउने कार्यक्रमको अनुसार भ्रमणको व्यवस्था गरिएको थियो । सोको बिद्धि साधारण सभामा उपस्थिति सदस्यहरुले रु. १०० को टिकट किनि गोलाप्रथा बाट छनौट गरि भ्रमण सफलता पूर्वक सम्पन्न गरियो । छनौट भएको नामावली निम्नानुसार रहेको छ ।

## २०७५।०६।१३ को २० औं साधारण सभाबाट चिठ्ठा काटी अवलोकन भ्रमणमा सहभागी शेयर सदस्यहरु

| क्र.सं. | सदस्यको नाम | ठेगाना | सदस्य नं. | सहभागी |
|---|---|---|---|---|
| १ | सिताराम लोहार | मन्थली १ | ४५६६ | भएको |
| २ | हस्त ब. पहरी | मन्थली १२ | ४२२ | भएको |
| ३ | नविन ढुंगेल | मन्थली ८ | ४१०१ | भएको |
| ४ | सुनिता तामाङ | मन्थली १ | ४५९६ | भएको |
| ५ | श्याम श्रेष्ठ | मन्थली १ | ३५६४ | नभएको |
| ६ | दुर्गालाल श्रेष्ठ | मन्थली १ | ४४५० | भएको |
| ७ | धन ब. श्रेष्ठ | मन्थली ३ | ५१८० | भएको |
| ८ | सुजीता श्रेष्ठ | मन्थली २ | ५२०७ | भएको |
| ९ | तुमाध्वज खत्री | मन्थली १ | ३५२६ | भएको |
| १० | बल ब. कार्की | मन्थली २ | ५७० | नभएको |
| ११ | राम ब. सार्की | मन्थली २ | ३० | भएको |
| १२ | अच्युतराज घिमिरे | मन्थली १ | २९८४ | भएको |
| १३ | प्रभात प्रसाई | मन्थली ७ | ५२१० | भएको |
| १४ | मान ब कामी सुनार | मन्थली | १२७४ | नभएको |
| १५ | खुद बहादुर बुढाथोकी | मन्थली २ | १००६ | भएको |
| १६ | शंकर कार्की | मन्थली २ | ३१३२ | भएको |
| १७ | सुशिल राई | मन्थली १ | ५२७३ | नभएको |
| १८ | धन ब. मान्नधर | खाँडादेवी ४ | ५४७१ | भएको |
| १९ | मनोज कुमार थापा | मन्थली ६ | ५०६ | नभएको |
| २० | सावित्रा मानन्धर | खाँडादेवी ४ | ४४२७ | भएको |

## बैकल्पीक शेयर सदस्यहरु

| | | | | |
|---|---|---|---|---|
| २१ | दिनेर कुमार थापा | मन्थली ६ | १५०९ | भएको |
| २२ | चन्द्रशेखर घिमिरे | मन्थली १ | ३५३० | भएको |
| २३ | हरि अधिकारी | मन्थली २ | ३०५६ | नभएको |
| २४ | रीता ढुंगेल | मन्थली ८ | ३५७ | नभएको |
| २५ | सविता उप्रेती | मन्थली १ | ६०६ | नभएको |

२५) यस आ.ब.मा पनि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को सहकार्यमा प्रोबेशन कार्यक्रमा आबद्धता भई हरेक समिक्षा बैठकमा सहभागी भई कार्य संचालन गरिरहेको छ ।

२६) संस्थाको कार्यालय व्यवस्थित गरि हाल संस्थामा संचालक समितिको कोठा, तालिम हल, व्यवस्थपाकको कोठा, बचत तथा ऋणको कारोबार शेयर सदस्यहरुलाई खानेपानी व्यवस्था साथै फ्री वाईफाई र टेलिभिजनको व्यवस्था गरिएको छ।

२७) यस संस्थाको मन्थली नगरपालिका भित्र रहेको आफ्नो जग्गामा आधुनिक भवन निर्माणका लागि नक्सा पास गर्ने काम सम्पन्न गरियो ।

२८) यस संस्थाले संस्थाको स्थापना कालदेखि हालसम्मको भई गरेका क्रियाकलापलाई समेटि तयार पारिएको बृत्तचित्र नेपाल टेलिभिजनबाट प्रशारण गरियो ।

२९) संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई १ दिने कर्मचारी क्षमता अभिबृद्धि तालिम प्रदान गरियो ।

३०) यस संस्थाका सञ्चालक, उपसमिति, शेयर सदस्य तथा कर्मचारीहरुलाई विभिन्न तालिमहरुमा सहभागिता गराइयो ।

३१) यस संस्थाका सम्पूर्ण शेयर सदस्यहरुको रु. १,००,०००।– बराबरको निःशुल्क दुर्घटना विमा गराइयो ।

३२) यस संस्थाबाट प्रदान गरिने मोबाईल बैंकिङ सेवा निःशुल्क उपलब्ध गराइयो ।

३३) नेफ्स्कुन तथा राष्ट्रिय सहकारी बैंकका साधारण सभामा संस्थाका प्रतिनिधिलाई सहभागि गराइयो।

३४) यस संस्थाद्धारा नेफ्स्कुन तथा युवा परिषदको समन्वयमा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरियो ।

आदर्णिय शेयर सदस्य ज्यूहरु,

संस्थाको २१ औं वर्षको अन्तराल सम्ममा आईपुग्दा साकोस अभियानको दिगो एवं द्रुत विकासको लागि यस साकोसले प्रस्तुत गरिएका कार्यक्रमलाई सफल पार्न शेयर सदस्यहरुको सक्रियतापूर्ण सहयोग रहने विश्वासका साथ यस साधारण सभामा आफ्नो उत्साहजनक सहभागिताका लागि सम्पूर्ण शेयर सदस्य ज्यूहरुमा कृतज्ञता ज्ञापन गर्दै छलफलमा सक्रिय सहभागि भई रचनात्मक सुझाव सहित प्रतिवेदन पारित गरिदिनुहुनेछ भन्ने विश्वास सहित अनुरोध गर्न चाहन्छु ।

जय सहकारी

२१) सुरक्षित मातृत्व कार्यक्रम अर्न्तगत स्वास्थ्य चौकीमा ४ पटक स्वास्थ्य जाच गराई स्वास्थ्य चौकीमा सुरक्षित सुत्केरी गराउने यस संस्था का १५ जना शेयर सदस्यहरुलाई सुत्केरी खर्च प्रदान गर्ने गरीएको छ । यस आ.ब. मा तपसिलका शेयर सदस्यहरुलाई सुत्केरी खर्च प्रदान गरीयो ।

| क्र.सं. | सदस्यको नाम | सदस्य नं. |
|---|---|---|
| १ | सपना काफ्ले | ४५७३ |
| २ | सिता श्रेष्ठ | १७३७ |
| ३ | ममता न्यौपाने धिमिरे | ५३५२ |
| ४ | शोभा बुढाथोकी | ४८५३ |
| ५ | अम्बिका बि.क. | ४२५५ |
| ६ | डिल कुमारी सार्की | ५३६३ |
| ७ | पबित्रा थापा | ८७५ |
| ८ | दुर्गा ढुङ्गेल | ५०६२ |
| ९ | जानुका कार्की | २२८९ |
| १० | सरिता थापा सुबेदी | ३८४५ |
| ११ | लक्ष्मीढुङ्गेल | ४३३ |
| १२ | भगबती बुढाथोकी | ४१६६ |
| १३ | सान्ती श्रेष्ठ | ३७१७ |
| १४ | एलिना बिसुन्के | ५४५८ |
| १५ | सिता मामनी | १४१९ |
| १६ | सर्मीला आछामी | ५०१६ |
| १७ | कबिता श्रेष्ठ | ५६४९ |
| १८ | संगिता भुजेल | ५०७७ |
| १९ | मन्दिरा लामा | ४५१४ |

२२) संस्थाको कार्य क्षेत्र भित्रका नगरपालिका तथा गा.पा. का विभिन्न वडाहरुमा सदस्य शिक्षा कार्यक्रम संचालन गरियो ।

२३) भाखा नाघेको ऋण उठाउन सदस्य शिक्षा तथा सदस्यता प्रदान गर्न घरदैलो कार्यक्रम गरियो ।

२४) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले आयोजना गरेको व्यवस्थापकहरुको राष्ट्रिय गोष्ठीमा संस्थाको तर्फबाट व्यवस्थापक तथा ऋण अधिकृत सहभागी हुनु भएको थियो ।

# नवजागरण वचत तथा ऋण सहकारी संस्था लिमिटेड

मन्थली, रामेछाप

## आगामी कार्यक्रम ०७६/०७७

आदरणिय शेयर सदस्यज्यूहरु नवजागरण बचत तथा ऋण सकारी संस्था लि. ले शेयर सदस्यको आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याई समाजिक हित गर्ने उद्देश्य राखी सहकारी ऐन नियमको परिधिमा रहेर तपसिल अनुसारको आगामी वर्षको कार्यक्रम तय गरेको छ । हामीले तय गरेका यी कार्यक्रमहरुलाई अझ परिस्कृत गर्दै कसरी सदस्यहरुको हितमा प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान सकिन्छ, त्यस बारेमा यहाँहरुको सुझाव अमुल्य रहने छ । संस्थाले शेयर सदस्यज्यूहरुको सामाजिक भावना, सञ्चालक समिति लगायत विभिन्न उपसमिति र कर्मचारीहरुको क्रियाशिलता अझ बढ्ने छ भन्ने आशा लिएको छ ।

१) सहकारीको आधार भनेकै त्यसका शेयर सदस्य हुन्। जति धेरै सदस्यहरु बनाउन सक्यो, सहकारी पनि त्यति कै फष्टाउँदै जान्छ । त्यसैले यस संस्थामा शेयर सदस्य संख्या आ.व. २०७६/०७७ मा कम्तीमा ७ हजार २१० जना पुऱ्याउने लक्ष्य राखिएको छ ।

२) चुक्ता शेयर पुँजी आ.व. २०७६/०७७ मा रु. ४ करोड ३४ लाख ७० हजार पुऱ्याउने लक्ष्य राखिएको छ ।

३) बचत रकम आ.व. २०७६/०७७ मा रु. २८ करोड २५ लाख ८४ हजार १४३ पुऱ्याउने लक्ष्य राखिएको छ ।

४) ऋण लगानी आ.व. २०७६/०७७ ऋण लगानी रु. ३० करोड ५० लाख ३० हजार ८६८ पुऱ्याउने लक्ष्य राखिएको छ ।

५) आम्दानी तर्फ आ.व. २०७६/०७७ मा सम्म रु. १ करोड ५० लाख १५ हजार ८२३ पुऱ्याउने लक्ष्य राखिएको छ ।

६) आ.व. २०७६/०७७ मा पनि ऋण सुरक्षण कोष P1 , P2 र P3 मा सत प्रतिशत कायम राख्ने लक्ष्य राखिएको छ ।

७) निरन्तरता, इमान्दारीता र आर्थिक मितव्ययिता सहकारीको मूल मर्म हो । त्यसैले यस वर्ष पनि नियमित बचत, ऋण कारोवार, संस्था प्रति इमान्दार, जरिवाना वा हर्जना नलागेको र सहकारीताको भावना भएका शेयर सदस्यहरु ३० जनालाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिने छ ।

८) आगामी वर्ष पनि आर्थिक रुपमा विपन्न शेयर सदस्यहरुका छोराछोरीलाई कक्षा १ देखि १२ सम्ममा अध्ययन गरिरहेका विद्यार्थी ३/३ जना गरी जम्मा ३६ जनालाई झोला, कापी, कलम खरिद गरी उनीहरुको पठन पाठनमा प्रोत्साहन गरिनेछ ।

९) संस्थाको प्रचार प्रसार तथा सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्न कार्य क्षेत्रका स्थानिय तहका वडा कम्तिमा १४ स्थानमा सहकारी शिक्षा शिवर संचालन गरिने छ।

१०) समाजका अगुवा जेष्ठ नागरिक प्रति सम्मान जाहेर गर्दै आगामी वर्ष पनि २/२ जना जेष्ठ शेयर सदस्य महिला र पुरुषलाई सम्मान गर्ने छौँ ।

११) संस्थाका शेयर सदस्य र उहाँको परिवारमा दु:खको बेलामा पनि सँगै उद्देश्यका साथ शेयर सदस्यको मृत्यू भएमा राहत स्वरुप रु. २०,०००/- (बिस हजार) का दरले तथा सदस्यको परिवारमा बाबु, आमा, अविवाहित छोरा, छोरी, पति र पत्नीको मृत्यू भएमा राहत स्वरुप रु. ३,०००/- उपलब्ध गराउने छौं ।

१२) सामुदायिक हित कार्यक्रमको लागि बढीमा २ वटा संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक संस्थालाई १/१ वटा कम्प्यूटर खरिद गरी हस्तान्तरण गर्ने छौँ । सो क्षेत्रका नागरिक नवजागरण साकोसमा ६०% सदस्य हुनुपर्नेछ ।

१३) यस सहकारी संस्थामा एकीकरण हुन चाहने सहकारी संस्थाहरुसँग एकीकरण गर्दै जाने निति लिनेछौँ ।

१४) सहकारीका सञ्चालक तथा शेयर सदस्यज्यूहरुमा अन्य सफल सहकारीको अध्ययन अवलोकन भ्रमणका लागि आगामी वर्ष २० जना शेयर सदस्य ज्यूहरुलाई राम्रा सहकारीको अवोलकन भ्रमण गराउने कार्यक्रम छ ।

१५) मन्थलीको वातवरणलाई हरियाली बनाउन सहयोग पुऱ्याउने ।

१६) शेयर सदस्यज्युहरु साधाण सभामा पुरा समय बसेर र संस्थाको सबै क्रियाकलापको बारेमा जानकार होस् भन्ने हेतुले आगामी वर्ष संस्थाको साधारण सभामा अन्तिमसम्म रहने १० जना शेयर सदस्यज्यूहरुलाई गोलाप्रथाबाट पुरस्कारको व्यवस्था गरिने छ ।

१७) शेयरसदस्यको संख्या ५ हजार ८ सय भन्दा माथि रहेकोले अब सबै सदस्यज्यूहरु एकै ठाउँमा भेला भएर साधारण सभा गर्न कठिन हुने भएकोले आगामी आ.व. ०७६/०७७बाट स्थानिय तहको वडाहरुमा साधारण सभा गर्ने र यसको लागी संचालक समितिलाई जिम्मेवारी तोक्ने छौँ ।

१८) संस्थाका संचालक, उपसमितिहरु, कर्मचारी तथा शेयर सदस्यहरुको क्षमता अभिवृद्धि र नेतृत्व विकास तालिम तथा भ्रमणको गरिनेछ ।

१९) बचत गर्ने बानिको विकास गराउन संस्थाको शेयर सदस्य भएको परिवारको छोराछोरी जन्मेको ६ महिना भित्र संस्थामा आई खाता खोल्न चाहेमा संस्थाले रु. ५०० थप जम्मा गरि खाता खोलिदिने र सो खाताको नाम बाल भविष्य बचत खाता रहेको जानकारी गर्दछौँ ।

२०) बचत तथा ऋण सहकारीको काम शेयर सदस्यज्यूहरुसँग बचत कारोबार र ऋण कारोबार गर्नु हो । संस्थाबाट लिएको ऋण सुविधा समयमा नै तिर्नु हरेक सदस्यको दायित्व हो, तर केही सदस्यज्यूहरुले भाखा पुरा हुँदा पनि ऋण नतिरेको कारणले हामीले दुःखका साथ वाध्य भएर भाखा नाघेको ऋणी सदस्यहरुको ऋण असुल उपर गर्नका लागी कानुनी प्रक्रिय अपनाउन कार्यदल गठन गरि ऋण असुल गरिने छ ।

२१) सुरक्षित मातृत्वमा सघाउ पुर्‍याउन संस्थाका महिला शेयर सदस्यहरुलाई स्वास्थ्य संस्थामा प्रसुतिसेवा लिएको कागजात पेश गरेमा प्रशंसा पत्र र नगद रु. २,०००।– सहित सम्मान गरिनेछ । (२ वटा वच्चासम्म)

२२) सहकारी सम्बन्धी ज्ञान र चासो बढाउन बाल सदस्यहरुसँग १ दिने भेला गरी सहकारी सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२३) राष्ट्रिय सहकारी दिवस कार्यक्रममा संस्थाले बिबिध कार्यक्रम सहित सक्रिय सहभागिता हुनेछ ।

२४) संस्थाको आवश्यकता अनुसार कर्मचारी को व्यवस्था गर्ने ।

२५) संस्थाको कार्य क्षेत्र भित्रका सम्पूर्ण सदस्यहरुलाई सेवा प्रदान गर्नको लागि केहि स्थानमा बचत संकलन केन्द्र राखिनेछ ।

२६) सदस्यहरुको सिप तथा क्षमता सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२७) सदस्यहरुको दुर्घटना विमालाई निरन्तरता गरिने छ ।

२८) अस्पतालहरुसँग शेयर सदस्यहरुको स्वास्थ्य सेवामा योग्दान पुऱ्याउने उद्देश्य राखि सेवामा छुट सुविधाको लागि विभिन्न अस्पतालसँग सम्झौता गरिनेछ । (शुभ जिवन, खुर्कोट र सामुदायिक अस्पताल मन्थली)

२९) वार्षिक रुपमा कर्मचारी सम्मान स्वरुप १ जना कर्मचारीलाई सम्मान गरिनेछ ।

३०) यस संस्थाको स्थापनाको दिन श्राबण १२ मा स्थापना दिवसको आयोजना गरिनेछ ।

३१) संस्था र विभिन्न संघ संस्था बिच समन्वय गरी सचेतना मुलक कार्यक्रम गर्ने ।

३२) सदस्यहरुको माग अनुसार सदस्यलाई व्यवसायिक बनाउने तालिमहरुको व्यवस्था मिलाइने छ ।

३३) सहकारी ऐन २०७४ तथा सहकारी नियमावली अनुसार विनियम संसोधन गरिनेछ ।

३४) संस्थाको आधुनिक भवन निर्माणको लागी प्रक्रिया अगाडी बढाईनेछ ।

★ धन्यवाद ★


संघ/संस्था, व्यवसायको बजार प्रवर्द्धनको लागि हामीलाई सम्झनुहोस् ।

हाम्रो सेवाहरु :

१) सफ्टवेयर
— सफ्टवेयर डेभलपमेन्ट
— वेब साइट डेभलपमेन्ट
— मोबाईल एप्लीकेसन् डेभलपमेन्ट

२) ग्राफिक्स डिजाईन/प्रिन्ट
— लोगो डिजाईन
— ब्रोसर
— लिफ्लेट
— स्टेटमेन्ट
— चेक बुक
— म्यागेजिन
— भिजिटिङ्ग कार्ड
— लेटर हेड
— खाम
— मायाको चिनो
— पोली व्याग
— बक्स
तथा सम्पूर्ण पेपर तथा प्लाष्टिक प्रिन्टको लागि ।

३) फेस्बुक प्रोमोसन

डेलिभरीको पनि व्यवस्था छ ।

इमर्ज इन्फोसिस्

चारदोबाटो, बनेपा-७, काभ्रे
०११-६६३०९९
fb.com/emergeinfosys
www.emergeinfosys.com

# वार्षिक प्रगति विवरण

## २०६२ देखि २०७६ सम्म शेयर सदस्यमा भएको बृद्धिदर

| आर्थिक वर्ष | शेयर सदस्य संख्या | | कैफियत |
|---|---|---|---|
| | वार्षिक सदस्य संख्या | वार्षिक बृद्धि प्रतिशत | |
| २०६२/०६३ | ३१६ | | |
| २०६३/०६४ | ५९४ | ८७.९७ | |
| २०६४/०६५ | ८७७ | ४७.६४ | |
| २०६५/०६६ | १२२६ | ३९.७९ | |
| २०६६/०६७ | १६४३ | ३४.०१ | |
| २०६७/०६८ | १८०४ | ९.८० | |
| २०६८/०६९ | २२३६ | २३.९५ | |
| २०६९/०७० | ३०७८ | ३७.६६ | |
| २०७०/०७१ | ३४४९ | १२.०५ | |
| २०७१/०७२ | ३७५९ | ८.९९ | |
| २०७२/०७३ | ४१०३ | ९.१५ | |
| २०७३/०७४ | ४५९४ | ११.९७ | |
| २०७४/०७५ | ५२४३ | १४.१३ | |
| २०७५/०७६ | ५९०९ | १२.७० | |



## सदस्य बन्न चाहिने शुल्क

१) प्रवेश शुल्क रु. ११०/-
२) शेयर प्रमाण पत्र रु. २५/-
३) सदस्य हितकोष रु. १००/-
४) पासबुक रु. १५/-
५) परिचय पत्र रु. १५/-
६) दैनिक मासिक बचत कम्तीमा रु. १००/-
७) अनिवार्य बचत कम्तीमा रु.१००/-
८) शेयर कम्तीमा रु. १००/- को १० थान

# वार्षिक प्रगति विवरण

## २०६२ देखि २०७६ सम्ममा मुनाफा भएको बृद्धिदर

| आर्थिक वर्ष | खुद नाफा | | कैफियत |
|---|---|---|---|
| | अखुद नाफा(रु.) | बृद्धि प्रतिशत | |
| २०६२/०६३ | ७०,९०८।२ | | |
| २०६३/०६४ | ६४,३८,७६।२३ | ८०८.०४ | |
| २०६४/०६५ | १२,६१,००४।५ | ९५.८५ | |
| २०६५/०६६ | ३१,६२,८१२।९३ | १५०.८२ | |
| २०६६/०६७ | १९,९३,२४१।१२ | -३६.९८ | |
| २०६७/०६८ | ५४,३२,४७१।४५ | १७२.५४ | |
| २०६८/०६९ | ६,३२,६८२।१९ | -८८.३५ | |
| २०६९/०७० | ८,३३,८७०।३९ | ३१.८० | |
| २०७०/०७१ | ३३,२५,१८७।७६ | २९८.७७ | |
| २०७१/०७२ | २७,५१,४३९।०० | -१७.५६ | |
| २०७२/०७३ | ३३,१६,८१५।२७ | २०.९९ | |
| २०७३/०७४ | ७२,२१,९२१।७८ | ११७.७४ | |
आजको यस गरिमामय २१ औं साधारण सभाका श्रद्धेय अध्यक्ष ज्यू, सल्लाहकार मण्डल, संञ्चालक तथा लेखा समितिका सहकर्मी साथिहरु, आदरणीय शेयर धनी महानुभावहरु, कर्मचारीहरु एवं उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरुमा यस संस्थाको २१ औं साधारण सभा २०७६ को पावन अवसरमा लेखा समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन टक्र्याउँछु ।

आजको यस गरिमामय सभा गर्न गईरहदा लेखा समितिको तर्फबाट केही भनाईहरु राख्ने अवसर पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यस आर्थिक वर्ष २०७५/७६ भित्र हामी औपचारिक ४ पटक बैठक बसी संस्थाको हिसाब किताबको अवस्था हेर्ने कार्य गर्‍यौं । यस दौरानमा दिइएको सुझावहरुलाई पनि संचालक समिति तथा प्रशासनिक पक्षले सुधार गर्दै यस स्थितिमा आउँदासम्म हामी लेखा समितिले आफ्नो क्षमताले भ्याए सम्मको मेहनत गरी आफूले देखेको र लागेको थप कुराहरु सहकारी विभागद्वारा जारी गरिएको पछिल्लो मापदण्डको अनुसुचि २ दफा १२ अनुसार यस प्रतिवेदनमा उल्लेख गरेका छौं ।

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

यस सहकारी संस्थाको मिति २०७५ असोज १३ गतेको दिन भएको २० औं वार्षिक साधारण सभा २०७५ नियमपूर्वक सम्पन्न भएको र सो साधारण सभाले गरेका निर्णयहरु यस साधारण सभासम्म आइपुग्दा पूर्णरुपमा कार्यान्वयनमा आएको देखिन्छ ।

२. आ.व. २०७५/७६ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

गत आ.व. मा संचालक समितिको बैठक २१ पटक बसेको देखिन्छ । बैठक हरेक महिनाको पहिलो शनिबार विहान कार्यालयमा संचालक समितिको बैठक कार्यविधि अनुसार बस्ने गरेको पाइयो । संचालक समितिको निर्णय संस्थाको विनियम, नीति नियम एवं कार्यविधि अनुसार हुने गरेको र सबै निर्णयहरु कार्यान्वयन भएको देखिन्छ ।

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

- लेखा समितिको बैठकमा धितो राखिएका ऋणीहरुको फाइल हेर्ने गरिन्छ जस्मा ऋण नीति अनुसार सम्पूर्ण प्रक्रिया पूरा गरि ऋण लगानी गरिएको पाइयो ।
- संस्थाले ऋण नीति अनुसार शेयर सदस्यहरुलाई छिटो छरितो र सर्वसुलभ तथा सहज तरिकाले ऋण प्रवाहमा विशेष ख्याल राखी ५ लाख सम्म ब्यबस्थापन र २० लाख सम्म ऋण उपसमिति र २० लाख देखि ६० लाख सम्म ऋण उपसमितिको सिफारीसमा संचालक समितिले धितो राखेर ऋण लगानी गरिएको पाइयो ।
- १० लाख भन्दा माथी ऋण लागनी गर्दा धितो मुल्याङ्कन मान्यता प्राप्त इन्जिनियर बाट मुल्याङ्कन गरि लगानी गरिएको पाईयो ।
- संचालक समिति, कर्मचारी, संचालक समितिका परिवारको ऋण लागनी गर्दा ऋण उपसमितिको सिफारीसमा संचालक समितिले धितो राखेर ऋण लगानी गरिएको पाइयो ।

४. सहकारी विभागबाट जारी गरिएको मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

- समय-समयमा सहकारी विभागबाट जारी गरिएको मापदण्ड तथा जारी निर्देशण अनुसार संस्थाले तपशिल अनुसारको कार्यक्रमहरु गरेको पाइयो ।
- संस्थाको साधारण सभा आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रै गर्ने गरेको छ ।
- बचत र ऋणको सरदर मार्जिन दर ५% भन्दा कम राखेको छ ।
- संस्थाको कूल बचतको १५-२०% सम्म तरलता राख्नु पर्नेमा सहि व्यवस्थापन गरेको छ ।
- संस्थाको कार्यालयमा सदस्य वडा पत्र, सूचना पाटी देखिने ठाउँमा राखेको छ ।
- सहकारी मापदण्ड अनुसार संस्थाको भल्ट, काउण्टरको बीमा गरिएको छ ।
- प्रत्येक महिना संचालन समिति बैठकमा पर्ल्स विश्लेषण गरिएको छ ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको निर्देशण अनुसार/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

- यस अवधिमा सहकारी विभागबाट अनुगमनका क्रममा दिइएको सल्लाह सुझवलाई अक्षरस पालना गरेको पाइयो ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

- पारिश्रमिक र भत्ता : छैन

- अन्य सुविधाहरु : सचिवलाई संचार र इन्धन खर्च भनि निर्वाह खर्च दिने गरेको अन्य पदाधिकारीहरुलाई बैठक बस्दाको खाना तथा खाजा मात्र खुवाउने गरेको छ ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

- संचालन समितिले कर्मचरी प्रशासनलाई व्यवस्थित र चुस्त बनाउनको साथै कर्मचारीको सबै सेवा सुविधा उल्लेख गरी मानव संसाधन नीति बनाई लागू गरेको छ ।
- व्यवस्थापकलाई संचालक समितिले र व्यवस्थापकले सबै कर्मचारीहरुको व्यक्तिगत कार्य तथा जिम्बेवारी विवरण बनाईदिएको छ ।
- मानव संसाधन नीति अनुसार ३ महिना प्रशिक्षणकाल र ६ महिना परिक्षणकाल गरे पछि संस्थाले स्थायी नियुक्ति दिने प्रावधान रहेको छ ।
- संस्थाको मौजुदा मानव संसाधन नीतिअनुसार हाल १० जना कर्मचारी मध्ये ८ जना स्थायी रहेको ।
- संस्थालाई आर्थिक व्यय भार नपर्ने गरी संस्थाद्वारा संचालित विविध कार्यक्रमहरुको चाँप र सदस्य तथा उत्पादनहरुको विक्रिको आधारमा कर्मचारीहरु व्यवस्थापन गरिएको छ ।
- स्थायी पछि मात्र कर्मचारीको विदा, औषधि खर्च सुविधा उपलब्ध गराइएको छ भने परिक्षण अवधिपछि मात्र कर्मचारी बोनस दिइएको छ ।
- कर्मचारीहरुले व्यवस्थापकबाट विदा स्वीकृत गरी बस्ने गरेको छ र सबैको विदा रेकर्ड दुरुस्त राखिएको छ र सबैलाई स्थायी नियुक्ति भएपछि मात्र सञ्चयकोषको व्यवस्था गरिएको छ । प्रत्येक महिना कर्मचारी समिक्षा बैठक बसी छलफल हुने गरेको छ ।
- कर्मचारीहरुको मूल्याङ्कन फारम प्रत्येक श्रावण महिनाको ७ गते भित्र कर्मचारीले स्वमूल्याङ्कन गरी व्यवस्थापक समक्ष बुझाउनेछन् भने व्यवस्थापकले श्रावण मसान्त भित्र कर्मचारीहरुको मूल्याङ्कन गरी भाद्र महिनाको संचालक समितिको बैठकमा अनुमोदनको लागि पेश गर्नेछ ।

८. लेखा समितिले यस अघि दिईएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

- लेखा समितिको बैठकमा अघिल्लो महिनाको पर्ल्स प्रतिवेदनलाई विश्लेषण गरी त्यसमा भएका कमीकमजोरी सुधारका लागि दिईएको सुझावहरु क्रमस सुधार हुदै गएको पाईएको छ ।
- गत साधारण सभामा दिएको सल्लाह सुझावहरु तथा मासिक बैठकले गत आर्थिक वर्षको अनुमानित बजेट र खर्चको आधारमा सभामा दिएको सल्लाह सुझावहरु कार्यान्वयन गर्दै अगाडि अध्ययनको सिलसीलामा रहेको पाईयो ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

- गत आ. व. मा संस्थाले सदस्यता बृद्धि, बचत, शेयर र कोष तथा कुल पूँजीमा गरेको बृद्धि स्तर सकारात्मक रहेको छ । या संस्था प्रोब्यासन कार्यक्रममा सहभागी भई संस्था संचालनको लागि आवश्यक पर्ने सबै नीति नियम तथा कार्यविधिहरु निर्माण तथा परिमार्जन गर्दै गईरहेको अवस्था पाईयो । कर्मचारीहरुलाई पनि पालै पालो तालिमको व्यवस्था मिलाईएको पाईयो ।

१०. लेखा समितिको टिप्पणी :

१. आम्दानी तर्फ अनुमान गरे भन्दा ब्याज प्राप्त शीर्षकमा आम्दानी बढी हुन आएको यसको कारण हेर्दा पर्ल्स विधि अनुसार संस्थामा तरलता बढि छ भने अन्य आम्दानी शीर्षकमा अनुमान गरे अनुसार नै आम्दानी भएको पाईयो ।

२. गत आ.व. मा कुल बचत निक्षेप २२,९७,५२,७१४।९० (७१.८६) प्रतिसत रहेकोमा यस आ.व. मा कुल बचत निक्षेप २५,३४,१९,०५९।३२ प्रतिसत रहेको छ ।

३. संस्थाको अनुमानित कुल वार्षिक बजेटमा व्यवस्था भएको खर्च रकम भन्दा धेरै कम भएकोले समग्रमा खर्च मितव्ययी गरिएको छ ।

४. पर्ल्स विश्लेषण अनुसार संस्थाले ब्याजदर ६% देखी १२% दिने र ११ देखी १५% लिने गरेकोले जम्मा ५% मात्र मार्जिन राखि काम गरेको पाईन्छ ।

५. संस्थाको बचत तथा ऋण नीति अनुरुप शेयर सदस्यहरुलाई गरिएको सबै ऋणहरु र मासिक रुपमा गरिएका खर्चहरु संचालक समितिको मासिक बैठकमा अनुमोदन गरिएको पाईयो ।

६. संस्थाको विविध कार्यक्रमहरु भएता पनि खोजेको र चाहेको बेला कम्प्यूटरबाट छिटो छरीतो रुपमा दुरुस्त डाटा पाइने व्यस्था मिलाउन सकिएको पाईयो ।

७. सहकारी संस्था संचालनको लागि आवश्यक पर्ने विभिन्न नीति नियमहरु तथा कार्यविधिहरु बनाईएको र समय सापेक्ष अनुसार परिमार्जन गर्ने गरिएको पाईयो ।

८. संस्था संचालन खर्च बढिमा ५% मात्र हुनुपर्नेमा जम्मा ३.२१% मात्र देखियो जसले खर्च मितव्ययीताको राम्रो व्यवस्थापन गर्नसकेको देखाउछ ।

९. ऋण उपसमिति र कर्मचारीबाट नियमित रुपमा ऋण फलो अप कार्यक्रम भएको छ ।

१०. यस वर्ष संस्थाको कारोबारबाट संचालन मुनाफा १,४१,००,६४७।९३ रहेकोमा नगरपालिकामा संचालन भएको सहकारीलाई ५ प्रतिसत आम्दानी कर ७,०५,०३२।४० तिर्नुपर्ने भएकोले खुद बचत रु. १,३३,९५,६१५।५३ गर्न सकिएको देखिन्छ ।

देखिन्छ ।

३) संस्थाले लागु गर्दै आएको मापदण्ड पर्ल्स का सुचक हरुमा आबाश्यकता अनुसार सुधार गर्नुपर्ने देखिन्छ ।

४) संस्थाका संचालक समिति, लेखा समिति, उपसमितिहरु र कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने ।

५) संस्थाका शेयर सदस्यलाई सुविधाको लागि संस्थामा ३६५ दिनै कारोबार सञ्चालन गर्नुपर्ने देखिन्छ।

## अन्तमा आदरणीय शेयर सदस्यज्यूहरु :

संस्थाले आगामी दिनमा अझ बढी प्रगति र सफलता प्राप्त गर्दै शेयर सदस्य ज्यूहरुलाई उचित प्रतिफल प्रदान गर्ने कार्यमा सफलता मिलोस भन्दै वर्तमान लेखा समितिलाई जिम्मेवारी प्रदान गर्नुहुने शेयर धनी महानुभावहरु र आन्तरिक जाँचको अवसरमा सहयोग गर्नुहुने संचालक समितिका पदाधिकारी, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु लगायत कर्मचारी साथीहरुलाई धन्यवाद व्यक्त गर्दछौं ।

अन्तमा आदरणीय शेयर सदस्यहरु संस्थाको उत्तरोत्तर प्रगतिको निमित्त सम्बद्ध सबैबाट सदैव समुचित चिन्तन, सहयोग र प्रयत्न कायम रहोस् भन्ने हाम्रो सुझाव छ । जय सहकारी ।

★ समाप्त ★

११. बीच बीचमा महिनाहरुमा तरलता व्यवस्थापन गर्न नसकेको अवस्था भएता पनि अषाढ महिना भरीमा तरलता बित्तिय लगानी बाहेक २६।८८% भएको देखिन्छ ।

१२. शेयर सदस्यता वृद्धिदर यस वर्ष १२।७० प्रतिसत मात्र रहेको छ यसलाई कम्तीमा १५% हुनु पर्ने देखिन्छ ।

१३. कुल पूजीको वृद्धिदर गत वर्ष ११।७४% को दरले बृद्धि भएकोमा यस वर्ष १३।२४% को दरले वृद्धि भई जम्मा पूजी ३६,१२,१४,६१६।१० भएको पाईयो ।

१४. गत आ. व. मा शेयर पूजी रु. २,५०,८३,१००। रहेकोमा यस वर्षमा शेयर पूजी रु. ३,६३,४६,६००। रहेको छ ।

१५. बाह्य ऋण यस वर्ष यूवा परिषद अर्न्तगत नेफ्स्कुनबाट रु. १०,००,०००। लियर रु. ७,५१,०००। बाकी रहेको पाईयो ।

१६. यस वर्ष ऋण जोखिम कोषमा रु. १,१६,७७,१२४। रहेको पाईयो ।

१७. यस वर्ष ऋण उपसमिति र कर्मचारीहरुलाई व्यापक परिचालन गरिएकोले हाल सम्मको अवधिमा भाका नाघेका ऋण कम भएको अवस्था पाईयो ।

१८. संस्थको संचालक समिति, सदस्यहरुले बैठकमा खाना तथा खाजा बाहेक कुनै आर्थिक सुविधा उपयोग गरेको पाईएन लेखा समिति र अन्य उप समितिले सदस्यहरुले बैठकमा रु. ६०० भत्ता लिने गरेको पाईयो । भने संस्थाको काम परेमा जिल्ला भित्रमा रु. १५००।- र जिल्ला बाहिर काम परेमा रु. २०००।- भत्ता दिने व्यवस्था गरेको पाईयो ।

१९. संस्थाको मासिक रुपमा मासिक प्रतिवेदन डिभिजन सहकारी कार्यालय, विभाग र नेफस्कुनमा पठाउने गरिएको पाईयो ।

२०. हाम्रो समितिले गरेको भल्ट निरिक्षणमा संस्थामा रहेको नगद चुस्त दुरुस्त रहेको पाईयो ।

## सुझाव :

१) आगामि दिनमा सुविधा सम्पन्न आफ्नै भवन निर्माण गरी कार्यालय व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२) संचालकहरुको स्वमूल्याङ्कन गर्ने परिपाटी अझबडी नियमित गरी सो का आधारमा संचालकहरुका क्षमता बिकासको योजना बनाउनु पर्ने देखिन्छ ।

३) संस्थाले लागु गर्दै आएको मापदण्ड पर्ल्सका सुचकहरुमा आवश्यकता अनुसार सुधार गर्नुपर्ने

ज) सामाजिक बचत : साजाजिक उद्देश्यका लागि संचालित संघसंस्थाहरु (सामुदायिक विद्यालय, गुठी, सामुदायमा आधारीत उपभोक्ता समिति, फर्म, कम्पनी, संघ संस्था आदि) बाट प्राप्त बचतलाई सामाजिक बचत भनिनेछ । यस्तो बचतमा संघ संस्थाले न्यूनतम रु. १,०००।– देखि माथिको रकम जम्मा गर्न सक्नेछ ।

झ) धन श्रृजना बचत : संस्थामा आवद्ध सदस्यले भविष्यको गरिने कुनैपनी कार्यका लागी भनि जम्मा गरिने बचत धन श्रंजना बचत हो । यस प्रकारको बचतमा जती पनि बचत गर्न सकने छ दैनिक वा मासिक रुपमा नियमीत कम्तिमा ३ वर्ष बचत गरेपछी निकाल्न मिल्ने छ ।

## बचत भुक्तानी

क) सदस्यले आफ्नो नाममा जम्मा भएको बचत रकम झिक्नको लागि संस्थाबाट उपलब्ध गराईएको अनुसूची ३ बमोजिमको माग फाराम वा अनुसूची ४ बमोजिमको भुक्तानी पूर्जा भरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख) सो माग फाराम वा भुक्तानी पूर्जा ब्यवस्थापकको स्वीकृतीमा कार्यालयबाट नगद भएसम्म नगद अन्यथा बैंक चेकबाट भुक्तानी दिइनेछ ।

## बचत जम्मा

क) प्रत्येक शेयर सदस्यले महिनाको १० गतेभित्र नियमित बचत जम्मा गरीसक्नु पर्नेछ । अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पश्चात कार्यालय खुल्ने पहिलो एक दिन बचत जम्मा गर्नसकिने छ ।

## रकमको हक

क) संस्थामा जम्मा रहेको कुनैपनि प्रकारको बचत रकम सदस्य जीवित रहुन्जेल सम्म अरु कसैको हकदावी लाग्ने छैन ।

ख) सदस्यको मञ्जुरी प्राप्त गर्ने व्यक्तिको हक सदस्य स्वयंको सरह हुनेछ ।

ग) सदस्यको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिको मात्र हक लाग्नेछ ।

घ) सदस्यले इच्छाएको व्यक्तिको नाम नखुलाएको वा कसैलाई नईच्छाइएको अवस्थामा प्रचलित कानुन बमोजिम हकदार कायम हुनेछ ।

# बचत सम्बन्धी जानकारी

क) अनिवार्य बचत : प्रत्येक महिनाको तोकिएको समय अथवा सोभन्दा अगावैमासिक रुपमा जम्मा गर्ने गरी सदस्यले कबुल गरेको बचतलाई अनिवार्य बचत भनिनेछ । यस्तो बचतमा सदस्यले मासिक न्युनतम रु. १००।– देखि माथिको रकम जम्मा गर्नसक्नेछ ।

ख) बाल बचत : नाबालकका संरक्षित सदस्यहरुले मासिक रुपमा जम्मा गर्ने बचतलाई बाल बचत भनिने छ । यस्तो बचतमा सदस्यले न्यूनतम रु. २५।– देखि माथिको रकम जम्मा गर्न सक्नेछ ।

ग) कारोवार बचत : संस्थाका सदस्यले आफूसँग भएको रकम आफ्नो ईच्छा बमोजिम राख्ने तथा झिक्ने सुविधा भएको बचतलाई कारोवार बचत भनिनेछ । कारोवार बचतमा सदस्यले न्यूनतम रु. १००।– देखि माथिको रकम जम्मा गर्न सक्नेछ ।

घ) आवधिक बचत : संस्थाका सदस्यले निश्चित अवधि तथा व्याजदरमा जम्मा गर्नसक्ने बचतलाई आवधिक बचत भनिनेछ । आवधिक बचतमा सदस्यले न्यूनतम रु. १०,०००।– देखि माथिको रकम जम्मा गर्न सक्नेछ ।

ङ) दैनिक/मासिक बचत : संस्थाको कर्मचारीद्वारा दिनदिनै सदस्यको घरदैलोमा गई अथवा सदस्यहरु आफै संस्थामा आई जम्मा गर्ने बचतलाई दैनिक/मासिक बचत भनिन्छ । दैनिक बचतमा सदस्यले न्यूनतम रु. ५०।– र मासिक बचत सदस्यहरुले न्यूनतम १०० रुपैयाँ जम्मा गर्न सक्नेछ ।

च) बाल भविष्य बचत : सदस्यका परिवार भित्र जन्मिएका बालबालिकाहरुको जन्मिएको ६ महिना भित्र खोलिने खातालाई बाल भविष्य बचत खाता भनिन्छ । यस्तो खाता खोल्दा संस्थाको तर्फबाट रु. ५००।– खतामा थप जम्मा गरिने छ । यस्तो खातामा मासिक न्यूनतम रु. २५।–जम्मा गर्नुपर्ने छ ।

छ) दिर्घजिवन बचत : संस्थामा आवद्ध सदस्यले भविष्यको लागि भनि जम्मा गरिने दिर्घजिवन बचत हो । यस प्रकारको बचतबाट सदस्य ६० वर्ष पुरा गरे आफ्नो बचत झिक्न पाउने तर ५० वर्ष नाघेको बचत कर्ताको हकमा कम्तिमा १० वर्ष बचत गरेको हुनुपर्नेछ । यस्तो बचतमा मासिक न्यूनतम रु. १००।– जम्मा गर्नुपर्ने छ । यस्तो बचत कर्ताको १,००,०००।– बराबरको निःशुल्क दुर्घटना बिमा गरिने व्यवस्था छ ।

## व्याजको गणना :

हरेक बचतको व्याज प्रत्येक ३/३ महिनामा गणना गरी सम्बन्धित खातामा चढाईनेछ ।

## नवजागरण बचत तथा ऋण सहकारी संस्थामा खाता खोल्ने विधि :

क) सदस्यले नियमित बचत र बाल बचत बाहेकका अन्य बचत खाताहरु खोल्न अनुसूची १ बमोजिमको आवेदन पेश गर्नुपर्ने छ ।

ख) बचत खाता खोल्नको लागि आवेदन शुल्क बापत रु. ११०।- लाग्ने छ ।

ग) उक्त आवेदन व्यवस्थापकबाट स्वीकृत गरिने छ ।

घ) खाता खोल्दा नेपाली नागरिकताको प्रमाणपत्र र २प्रति पासपोर्ट साईजको फोटो अनिवार्य छ ।

## नवजागरण बचत तथा ऋण सहकारी संस्थाका निक्षेप योजनाहरु :

यस संस्थाले विभिन्न प्रकारका निक्षेप योजनाहरु रहेका छन् । संस्थामा न्यूनतम रु. २५ देखि माथि रकम जम्मा गर्न सकिन्छ । यसको व्याजदर निम्न रहेको छ ।

### बचतको व्याज

| क्र.स. | बचत शिर्षक | बिद्यमान व्याजदर |
|---|---|---|
| १ | दैनिक बचत/मासिक बचत | ८ प्रतिशत |
| २ | बाल बचत | ८ प्रतिशत |
| ३ | अनिवार्य बचत | ५ प्रतिशत |
| ४ | बाल भविष्य बचत | ५ प्रतिशत |
| ५ | आबधिक बचत १ बर्षे | १० प्रतिशत |
| ४ | आबधिक बचत २ बर्षे | ११ प्रतिशत |
| ७ | आबधिक बचत ३ बर्षे | १२ प्रतिशत |
| ८ | कारोबार बचत | ६ प्रतिशत |
| ५ | शेयर बचत | ८ प्रतिशत |
| १० | दिर्घ जिवन वचत | ५ प्रतिशत |

(नोट : संस्थाको यो ब्याजदर समय समयमा परिवर्तन हुने छ )

# ऋण सम्बन्धी जानकारी

## ऋणको लागी योग्यता :

१) सहकारी ऐन/कानुन, नीति, सहकारी मापदण्ड, संस्थाको विनियम तथा ऋणसंग सम्बन्धीत नीतिहरु र अन्य सम्बन्धीत ऐन, नियमहरु परिपालना गर्न तत्पर हुनुपर्ने छ ।

२) शेयर सदस्यता लिएको कम्तीमा ३ महिना पूरा भएको हुनुपर्ने छ ।

३) संस्थाको न्यूनतम १० कित्ता शेयर खरिद गरेको हुनुपर्ने छ ।

४) सदस्यको ऋण निवेदन स्वीकृति पूर्वनिज र निजको एकाघरका परिवारको संस्थाको ऋण कारोबार विवरण र व्यवहार लगायतका ऋण इतिहास विश्लेषण गर्दा वित्तीय अनुशासनमा रहेको हुनुपर्ने छ । संस्थाको कालो सुचीमा परेको १ वर्षभित्र कुनै पनि सदस्यले ऋण माग गर्न सक्ने छैन ।

५) आवधिक निक्षेप धितो पत्र र आपतकालिन ऋण बाहेक ऋण माग कर्तासँग संस्थाको अन्य कुनै ऋण उठ्न बाँकि नरहेको हुनुपर्ने छ ।

६) सदस्यको उमेर ६० वर्ष ननाघेको हुनुपर्ने छ । तर यो व्यवस्था बचत धितो ऋण तथा आपतकालिन ऋण लागु हुने छैन ।

७) ऋण माग गर्ने सदस्यले नियमति रुपमा मासिक बचत गरेको हुनुपर्नेछ ।

८) ऋण माग गर्ने सदस्यको मानसिक सन्तुलन ठिक भएको हुनुपर्ने छ ।

९) अन्य वित्तीय संघ/संस्थामा ऋण कारोबार गरी कालो सुचीमा नपरेको हुनुपर्ने छ ।

१०) ऋण माग गर्न समयमा कुनै फौज्दारी तथा अन्य कुनै कानूनी अभियोग नलागेको हुनुपर्ने छ ।

११) समय समयमा हुने संस्थाको नीति नियमको परिवर्तन तथा संसोधनलाई मान्न तयार हुनुपर्ने छ ।

१२) ऋण स्वीकृत पश्चात संस्थाले तोकेको बचत तथा शेयरको अनुपातमा ऋण लगानी हुने छ ।

## ऋणका प्रकार :

संस्थाबाट सदस्यहरुलाई लगानी गरिने ऋणलाई सुरक्षण र ऋणको प्रयोगको आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ ।

अ. सुरक्षणको आधारमा ऋणका शिर्षकहरु :

क) धितो ऋण

ख) जमानी ऋण

आ) प्रयोगको आधारमा ऋणका प्रकारहरु :

क) कृषि तथा पशुपालन ऋण

ख) लघु उद्यम ऋण

ग) औद्योगिक तथा व्यापारीक ऋण

घ) वैदेशिक रोजगार ऋण

ङ) हायर पर्चेज ऋण

च) आवास तथा घर जग्गा खरिद ऋण

छ) शैक्षिक ऋण

ज) खरखाँचो ऋण

झ) आपकालीन ऋण

ञ) सुविधा ऋण

उल्लेखित ऋणका शीर्षकहरुलाई देहाय बमोजिम स्पष्ट पारिएको छ ।

## भुक्तानी तरिका :

ऋणको भुक्तानी एक मुष्ट वा किस्तावन्दी रुपमा गर्नुपर्नेछ । परियोजना र ऋणीको आम्दानीको विश्लेषण गरी आपसी सहमतीको आधारमा एकमुष्ट वा मासिक वा त्रैमासिक वा चौमासिक किस्तावन्दी लागू गरिनेछ । मासिक, त्रैमासिक, चौमासिक किस्तावन्दी र एकमुष्टको व्याजदर भने फरक फरक हुनेछ ।

## ऋणको अवधि :

यस प्रकारको ऋणको अवधि अधिकतम बढिमा ७ वर्षको हुनेछ ।

## ऋण मागपत्र साथ पेश गर्नुपर्ने कागजातहरु :

१. जग्गाधनिको नागरीकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति

२. जग्गाधनी प्रमाण पूर्जाको सक्कल र सोको प्रतिलिपि १ प्रति

३. चालू वर्षको तिरो तिरेको रसिद १ प्रति

४. फाईल नक्शा, ब्लुप्रिन्ट नक्शशा र ट्रेस नक्शा १/१ प्रति

५. धितोको श्रोत (बकसपत्र, राजीनामा, अंशबण्डा खुलेको कागजात)

६. धितो जमानतको मञ्जुरीनामा

७. व्यापार व्यवसाय ऋणमा व्यवसाय नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि

८. व्यक्तिगत तथा पारिवारीक आयव्यय विवरण (आय श्रोत प्रमाणित गरेको पत्र)

९. व्यापार व्यवसाय ऋणमा व्यवसाय दर्ताको प्रमाणको प्रतिलिपि

१०. आयकर दर्तातथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

११. लेखा परिक्षण प्रतिवेदन

१२. घरको नक्सा पाश प्रमाणपत्रको प्रतिलिपि

१३. सवारी धनी दर्ता प्रमाणपत्रको प्रतिलिपि

१४. बीमाको पोलिसीको प्रतिलिपि

१५. ऋणी, मञ्जुरीनामा दिने र जमानी दिने व्यक्तिको पासपोर्ट साईजको फोटो १/१ प्रति

१६. परियोजनाको विस्तृत विवरण

१७. ऋणीको नगद प्रवाह विवरण

१८. संस्थाले माग गरेको अन्य कागजातहरु

## ५ सी का आधारमा ऋण विश्लेषण

प्रकृया पूरा भई आएको ऋण निवेदनलाई ५ सी का आधारमा (अनुसुचि बमोजिम) व्यवथापनको जिम्वेवारी प्राप्त कर्मचारी (ऋण फाँटको प्रमुख वा सहायक) विश्लेषण गर्दछन्। विश्लेषण गरेपछि राय, टिप्पणीका साथ सिफारीस सहित स्वीकृतीका लागि अधिकार प्रदत्त निकायमा पेश गरिनेछ । यस क्रममा धितो मूल्याङ्कन गर्ने संस्थाको अख्तियार प्राप्त निकायले निर्धारित ढाँचा बमोजिम धितो मूल्याङ्कन गरी सिफारीस सहित सम्बन्धीत निकायमा मूल्याङ्कन प्रतिवेदन पेश गर्नेछ । ५ सी मा ६० प्रतिशत भन्दा कम अंक प्राप्त गरेको अवस्थामा ऋण प्रक्रियालाई अगाडी बढाइने छैन । साथै व्यवसायिक परियोजना ऋणको हकमा थप ऋण विश्लेषण गरिनेछ ।

*विजया दशमी, शुभ दिपावली, छठ तथा नेपाल सम्वत् ११४० को पावन अवसरमा शेयर सदस्यहरु, कर्मचारीहरु तथा जिल्लाबासीहरुलाई सु-स्वास्थ्य, दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ।*

*रमेश कुमार उदाश*
*(व्यवस्थापक)*
*नवजागरण बचत तथा ऋण सहकारी संस्था लि. परिवार*

## ५ सी का आधारमा प्राप्त कुल स्कोरको तह र ऋण सिफारिस/स्वीकृत सम्बन्धी कारण

| कूल स्कोर प्रतिशतमा | निर्णय र आवश्यकता |
|---|---|
| ६०% वा सो भन्दा तल | सिफारीस नगर्ने, किन कि यस्तो ऋणहरु असुल सम्भावना नै हुँदैन |
| ६१ % देखि ८०% सम्म | सिफारीस गर्ने, तर धितो अनिवार्य हुन्छ । यस्तो ऋणमा जमानी अनिवार्य छ । साथै नियमित वा अनिवार्य बचत गरिरहेको हुनुपर्ने र छिटो सुपरिवेक्षण गर्नुपर्ने हुन्छ । |
| ८१% देखि ९० % सम्म | सिफारीस गर्ने, तर कुनै न कुनै धितो चाहिने र सुपरिवेक्षण हुनुपर्ने |
| ९१% देखि १००% सम्म | कहिलेकाहि अनुगमन गर्दा हुने |

## ऋण स्वीकृतका आधार तथा अधिकार क्षेत्र

ऋण स्वीकृत गर्दादेहाय बमाजिम प्रकृया तथा अधिकार प्रत्यायोजन गरिनेछ :

| ऋण रकम | धितो मूल्याङ्कन | सिफारीसकर्ता | ऋण स्वीकृती |
|---|---|---|---|
| रु. २ लाख सम्म | ऋण सहायक वा व्यवस्थापकले तोकेको कर्मचारी | ऋण अधिकृत | व्यवस्थापक |
| रु. २ लाख देखी रु. ५ लाख सम्म | ऋण सहायक वा ऋण अधिकृत | सहायक व्यवस्थापक | व्यवस्थापन समूहः वित्त तथा लेखा प्रमुख, ऋण प्रमुख र व्यवस्थापक |
| रु. ५ लाख देखि रु. २० लाख सम्म | ऋण विभागको तोकिएको कर्मचारी र ऋण उप समितिको प्रतिनिधि | व्यवस्थापन समूह | ऋण उपसमिति |
| रु. २० लाख भन्दा माथि | संस्थागत मूल्याङ्कन कर्ता, ऋण उप समितिको संयोजक र ऋण अधिकृत | ऋण उपसमिति | सञ्चालक समिति वा सञ्चालक समितिले गठन गरेको कार्यकारी उप समिति |

## ऋणको व्याजदर

ऋण लगानी गर्दा ऋणीले पहिले लगेको ऋण समयमा नै चुक्ता गरेको नगरेको वचत नियमित भएको नभएको अवस्थालाई समेत ध्यानमा राखि सोहि अनुसार मात्र ऋण लगानी गरिन्छ । साथै ऋण लगानी गर्दा आफ्नो अंशियार भित्रको जग्गा धितोको रुपमा राख्न पाइने छ भने तेस्रो पक्ष अर्थात अंशहक नलाग्ने व्यक्तिको धितो राख्न पाईने छैन ।

| क्र.स. | ऋण शिर्षक | व्याजदर | कैफियत |
|---|---|---|---|
| १ | आकस्मिक ऋण | व्याज नलाग्ने | एक महिनाभित्र असुल गरेमा |
| २ | कृषि तथा पशुपालन उद्योग ऋण | १५ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ३ | लघुउद्यम ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ४ | औधोगिक तथा व्यापारिक ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ५ | बैदेशिक रोजगार ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ६ | हायर पर्चेज ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ७ | आवास तथा घर जग्गा खरिद ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ८ | शिक्षा ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| ९ | खरखाँचो ऋण | १६ प्रतिशत | मासिक किस्तामा १४ प्रतिशत |
| १० | पुनश्चः रु. १०,००,१००।- भन्दा माथि | १४ प्रतिशत | संस्थाको नियम अनुसार |

१० लाख भन्दा माथीको ऋण लगानी गर्दायस संस्थाले तोकेको इन्जीनियरबाट मुल्याङ्कन गर्नुपर्नेछ ।

## धितो मूल्यांकन गर्ने आधारहरु :

- जग्गाको भौगोलिक सुविधा
- यातायात (बाटो) को सुविधा
- बजार व्यवस्थापन
- सिंचाई सुविधा
- जग्गाको गुणस्तर
- प्रचलित न्यूनतम मूल्य
- मालपोत कार्यालयको मूल्यांकन

संस्थाको नियमको अधिनमा रहि धितोको लगानी गर्न सक्ने प्रतिशत तपसिल उल्लेखित छ ।

| क्र.सं. | धितोको किसिम | मार्जिन | बाँकी | धितोको आधारमा दिन सक्ने ऋण |
|---|---|---|---|---|
| १ | पक्की घर | ३०% | ७०% | ७०% |
| २ | जग्गा घडेरी | २०% | ८०% | ८०% |
| ३ | जग्गा खेतबारी | ४०% | ६०% | ६०% |
| ४ | बचत धितोमा | १०% | ९०% | ९०% |

## भाखा नाघेको ऋण असुली

ऋणीले चुक्ता गर्नुपर्ने ऋणको भाखा समाप्त भएको साथै तोकिएको समयमा किस्ता वा नियमित व्याज नतिरेको खण्डमा उत्त ऋण भाखा नाघेको ऋणमा गणना हुनेछ । उक्त भाखा नाघेको ऋण असुलीको लागि संस्थाको देहाय अनुसारको असुली प्रकृया अपनाउने छ :

१) भाखा समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अघि ऋणीलाई भाखा नाध्ने समयको स्मरण गराउन अनुसुची ११ बमोजिमको स्मरण पत्र/इमेल/टेलिफोन/एस.एम्.एस. पठाइनेछ ।

२) भाखा नाघेको ७ दिनभित्र भाखा नाघेको ऋणको साँवा व्याज चुक्ता गर्न अनुसुची ११.१ बमोजिमको इमेल/टेलिफोन/एस.एम.एस. ताकेमा पत्रबाट तोकता गरिनेछ ।

३) ऋणीले ताकेता पत्र बुझिलिएको १५ दिन भित्र पनि भुक्तानी नआएमा अनुसुची ११.२ बमोजिमको दोश्रो ताकेता पत्र पठाईनेछ ।

४) उक्त ताकेता पत्रको पनि वेवास्ता गरी भुक्तानी प्राप्त नभएमा ऋणीको उक्त पत्र बुझि लिएको १५ दिन भित्र संस्थालाई भुक्तानी प्राप्त नभएमा अनुसुची ११.३ बमोजिमको तेश्रो पत्रको साथ सचेत गराउनको लागि ऋण फाँटबाट ऋणीको घरमा गई ऋणीको प्रतिवद्धता लिईनेछ ।

५) ऋणीले प्रतिवद्धताम गरे बमोजिमको (सो प्रतिवद्धता बढिमा १ महिनाको लागि मात्र स्वीकार हुनेछ) अवधि भित्र पनि साँवा व्याज भुक्तानी नगरेमा सोको १५ दिन भित्र सस्थाको सूचना पाटिमा भाखा नाघेको ऋणीहरुको लिष्टमा व्यवस्थापनले नाम प्रकाशित गर्नेछ ।

६) संस्थाको सुचना पाटिमा ऋण तिर्नका लागि भाखा नाघेका ऋणीहरुको नाम प्रकाशित गरेको १५ दिन भित्र पनि संस्थालाई भुक्तानी प्राप्त नभएको खण्डमा ऋण फाँट, ऋण उपसमिति तथा सञ्चालक

समितिका कम्तीमा १ जना प्रतिनिधिको संयुक्त टोलीले ऋणीलाई ऋण तिर्नका लागि अन्तिम मौका स्वरुप बढिमा ३५ दिन का लागि चेतावनी (पत्रिकामा ऋण तिर्न आउने सम्बन्धमा सूचनाबाट नाम प्रकाशित गर्नका लागि) दिईनेछ ।

७) अन्तिम भाखा नाघेको ऋणको हकमा दफा १ देखि ६ सम्मको प्रकृयाहरु पूरा भई सकेपछि पनि ऋण असुली नभएमा सञ्चालन समितिको निर्णय अनुसार धितो लिलामी प्रकृयालाई अगाडी बढाईनेछ ।

८) भाखा नाघेको तथा नियमित ब्याज र किस्ता नआएको दुवै ऋणलाई भाखा नाघेमने ऋणको रुपमा परिभाषित गरिएकोले भाखा नघाउने ऋणी ५ सी अन्तर्गत ऋणको स्तर मुल्याङ्कन गर्दा भविष्यमा लगानीको लागि योग्य नठहरिने भएकोले त्यस्ता ऋणीहरुलाई पुनः ऋण विश्लेषण गर्दा स्कोर घटाईनेछ ।

९) बचतको आधारमा लगानी गरिने ऋणको अन्तिम भाखा मितिसम्म पनि ऋण चुक्ता नभएमा स्वतः बचतबाट कट्टा गरी ऋण असुल गरिनेछ । यदि बचतबाट सम्पूर्ण ऋण असुल हुन नसकेमा ऋणीको शेयर तथा एकाघर परिवारको सदस्यको बचत तथा शेयरबाट लिखित जानकारी गराई सिधै रकम कटाई असुली गरिने छ । यस्तो अवस्थामा संस्थाले आवश्यकता अनुसार सम्बन्धीत ऋणी सदस्यहरुलाई जानकारी गराई वा विना जानकारी समेत उक्त रकम कट्टी गर्न सकिने छ ।

## संस्था सम्बन्धि गुनासो भएमा

०४८-५४०१८०, ०४८-५४०६८०

सुझाव बाकस वा गुनासो पुस्तिकामा लेख्न सक्ने छ ।

वा

nawajagaransaccos@gmail.com मा मेल पठाउन सक्नु हुनेछ ।

# सदस्यता राहत कार्यक्रम

यस संस्थामा शेयर सदस्य भएका शेयर सदस्य ज्यूहरुको मृत्यु भएमा सदस्य हितकोष मार्फत मृतकको परिवारलाई रु. २०,०००।- राहत स्वरुप तुरुन्त सहयोग गरिने छ । संस्थाको शेयर सदस्य भएका एका घर परिवारमा शेयर सदस्यको पतिको मृत्यु भएमा पत्नी वा पत्नीको मृत्यु भएमा पति र अविवाहित छोरा छोरीको मृत्यु भएमा राहत स्वरुप हितकोष मार्फत रु. ३,०००।- तुरुन्त उपलब्ध गराईन्छ ।

## सदस्यता राहत कोषको निर्माण

सदस्यता राहत कोषका लागि हरेक सदस्यहरुको खताबाट वार्षिक रुपमा १००।- रुपैयाँ कट्टा गरिने छ । सोही रकम राहात कोषमा जम्मा गरी सदस्य र उनीहरुका परिवारलाई राहात रकम प्रदान गरिने छ ।

## राहत वितरण

क) सदस्यको मृत्यु भएमा एकाघरका हकवाला वा ज्येष्ठ व्यक्ति वा अन्तिम संस्कार गर्ने व्यक्ति वा कानून बमोजिमको हकवालालाई सहयोग रकम प्रदान गरिनेछ ।

ख) सदस्यको एकाघर परिवारको व्यक्तिको मृत्य भएमा सदस्यस्वयंलाई राहत रकम प्रदान गरिनेछ ।

ग) आत्माहत्याको घटनामा यो सुविधा प्रदान गरिने छैन ।

घ) अन्य शर्तर सुविधाकुराहरु राहत नितिमा उल्लेख भए बमोजिन हुने छ ।

## दोहोरो सुविधा नपाईने

क) कुनैसदस्यको मृत्यु हुँदा हकवालाले राहत सुविधा पाउने अवस्थामा एकाघर परिवारको सदस्यको नाताबाट पाउने सुविधा स्वत : रद्ध हुनेछ ।

ख) एकाघर परिवारमा एक भन्दा बढी सदस्य रहेको अवस्थामा एकाघर परिवारको कुनै सदस्यको मृत्यु भएमा प्रदान गरिने सुविधा पनि एउटा मात्र हुनेछ ।

ग) सुविधा प्रदान गर्ने सिलसिलामा कुनै व्यवधान आएमा कानुन बमोजिम गरिनेछ ।

## सुविधा नपाउने अवस्था

निम्नानुसारको अवस्थामा सदस्यता राहत सुविधा प्रदान गरिने छैन :

क) सदस्यता लिएको १ वर्ष पुरा नभएको अवस्थामा

ख) ऋणको भाखा नाघेको एक वर्ष भन्दा बढी भैसकेका अवस्थामा

ग) बचत नगरेको ६ महिनाभन्दा बढी भैसकेको अवस्थामा

घ) ऋण लिएर १ वर्षभन्दा बढी ब्याज नतिरेको अवस्थामा

ङ) सदस्यता खारेज भैसकेको अथवा सदस्यताबाट निष्काशन गरिएको अवस्थामा

# शेयर सम्बन्धी जानकारी

## शेयर पूँजी :

क) संस्थाले प्रति शेयर रु. १००।– का दरले आवश्यकता अनुसार शेयर बेला बेलामा जारी गर्नेछ ।

ख) संस्थाले जारी गरेको शेयरको २० प्रतिशतमा नबढाई सदस्यले जतिसुकै शेयर लिन सक्नेछन् ।

## शेयरको प्रमाण पत्र :

क) संस्थाको शेयर लिए बापत सदस्यलाई संस्थाको छाप लागेको शेयर प्रमाण पत्र (अनुसूची १ बमोजिम) दिईनेछ ।

ख) सो प्रमाण पत्र रु. २५।– लिएर शेयर सदस्यलाई प्रदान गरिने छ । प्रमाणपत्र हराएमा वा नासिएमा पनि रु.२५।– तिरी प्रतिलिपी शेयर प्रमाण पत्र लिन सकिनेछ ।

## शेयरको हस्तान्तरण वा फिर्ता :

क) सदस्यले चाहेमा संस्थाको स्वीकृती लिएर अन्य सदस्यलाई शेयर हस्तान्तरण गर्न सकिनेछ ।

ख) सदस्यताबाट अलग्गिएको अवस्थामा मात्र शेयरको रकम फिर्ता गरिनेछ तर ५०० कित्ता भन्दाबढी शेयर खरिद गर्ने सदस्यको हकमा उसले चाहेको अवसस्थामा सो भन्दा माथिको शेयरको रकम फिर्ता लिन सक्ने छ ।

ग) सदस्यको मृत्य भएको अवस्थामा शेयर निजले ईच्छाएको व्यक्ति वा नजिकको हकवालाको नाममा नामसारी अथवा शेयरको रकम फिर्ता गरिनेछ ।

## शेयर खरिद गर्नुपर्ने :

क) संस्थाको शेयर सदस्यता लिनको लागि संस्थाको सदस्यता नीतिमा उल्लेख गरिए बमोजिमको शेयर अनिवार्य खरिद गर्नुपर्नेछ ।

ख) प्रत्येक वर्ष संस्थाको साधारण सभाले तोके बमोजिम शेयर संस्थाका प्रत्येक सदस्यले खरिद गर्नुपर्नेछ अथवा सदस्यको बचत खाताबाट शेयर खातामा सारिनेछ ।

ग) सदस्यले संस्थाबाट अचल सम्पत्ति धितो राखि ऋण लिदा संस्थाको ऋण नीतिमा उल्लेख गरिए बमोजिम शेयर खरिद गर्नुपर्नेछ ।

## शेयर लाभांश वितरण :

क) शेयर सम्बन्धि निति विनियममा भए अनुसार हुने छ ।

ख) शेयर सदस्यले शेयर खरिद गरेकै दिनबाट शेयर लाभांश पाउने छ ।

ग) शेयरको लाभाँश हरेक वर्ष बढिमा १५ प्रतिसतले वितरण गरिने छ ।

घ) संस्थाले आवश्यक ठानेमा हरेक वर्ष शेयर लाभांशबाट शेयर खरिद गराउन सक्ने छ । तर शेयर खरिद गर्न नपुग हुने रकम भएमा बचत खातामा जम्मा गरिने छ ।

## राहत सुविधा पाउने योग्यता :

क) संस्थाको सदस्यता लिएको १ वर्ष पश्चात सदस्यले यो सुविधा प्राप्त गर्ने छन् तर दुर्घटनमा मृत्य भएको हकमा भने कुनै समय सिमा लागु हुने छैन् ।

ख) जेष्ठ नागरिक बचत कार्यक्रममा सहभागि सदस्यले ३ वर्ष पुरा भएपछि मात्रै यो सुविधा प्राप्त गर्ने छन् ।

ग) ठूलो दैविक विपत्ति परि ठूलो संख्यामा संस्थाका सदस्यहरु हताहात भएको अवस्थामा संस्थाको निर्णय अनुसार यो सुविधा प्रदान गरिने छ ।

## सुरक्षित मातृत्वको लागि संस्था दिने सहयोग :

सुरक्षित मातृत्वको लागि संस्थाको शेयर सदस्यहरुलाई स्वास्थय चौकीमा जन्मेको प्रमाण लिई संस्थामा आईनवजात शिशुको बाल भविष्य खाता समेत खोलेमा नगद रु. २००० सहित सम्मान स्वरुप खातामा जम्मा गरिने प्रस्ताव गरेका छौं ।

## सामुदायिक विकासका कार्यहरु :

नवजागरण बचत तथा ऋण सहकारी संस्थाले आर्थिक तथा सामाजिक विकासमा सहयोग पुयाउन विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने गरेको छ । वातावरण संरक्षण, सानातिना पुर्वाधार विकासका कामहरु तथा अन्य विभिन्न रचनात्मक कामहरु पनि यस सहकारी संस्थाले गर्दै आएको छ ।

## हाम्रा विशेषताहरु :

१. पारदर्शिता र भरपर्दो सेवा

२. घरदैलो सेवा

३. सुरक्षित बचत र सरल कर्जा

४. मुनाफा आर्जन गर्नसक्षम

५. नेपाल गुणस्तरको मापदण्ड प्रबेशनमा सहभागी

६. एस.एम.एस. सेवा

७. कुसल र सक्षम संचालचकहरु

# नवजागरण साकोस Probation Branding मा प्रवेश

## पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यत्रम (PROBATION) कार्यक्रम के हो ?

**Program For Building Absoute and Professionalziation** नेपाल बचत तथा ऋण केन्द्रय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा बचत तथा ऋण सहकारी संस्थाहरुको गुणस्तर सुनिश्चित गरि स्तरिकरण मार्फत साकोसको विकासमा सहयोग पुऱ्याउन विकास गरिएको नविनतम औजार हो । ब्राण्डको अवधारणबाट साकोसको छवि सुधार तथा व्यावसायिकता विकास गरि साकोसलाई समुदायको वित्तिय समस्या समाधानको अन्तिम विकल्पको रुपमा विकास गर्नयस कार्यक्रमले सहयोग गर्दछ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा यस कार्यक्रममा भाग लिएका साकोसहरुको लागि प्राविधिक सहयोग उपलब्ध गराउँछन् । संस्थाको अवस्था निर्दिष्ठ सूचकहरुको माध्यमबाट सहभागितात्मक विधिको प्रयोग गरि पहिचान गरिन्छ । आवश्यक योजना मार्फत सम्पूर्ण सूचकहरुको प्रगति अनुगमन निरन्तर गर्दै कार्यक्रमको अन्तमा अन्तिम अडिट मार्फत प्राप्त अंकको आधारमा ब्राण्ड प्रदान गरिन्छ । यस कार्यक्रमले सहभागी साकोसहरुको वित्तिय स्वास्थ्य, संस्थागत विकास, सूशासन, योजना व्यावस्थापन, सदस्यहरु प्रतिको उत्तरदायित्व तथा कानूनी दायित्वको पालनामा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा राखिएको छ ।

## PROBATION कार्यक्रमको उद्देश्यहरु :

यस कार्यक्रमको मूख्य उद्देश्य साकोसलाई सदस्यहरुको वित्तिय समस्या समाधानको अन्तिम केन्द्रको रुपमा समुदायमा आधारित भएर निरन्तर पेशागत विकासमा सहयोग पुऱ्याउनु हो । यसका प्रमुख उद्देश्य यस प्रकार रहेका छन् :

- प्रमाणिकरण मर्फत संस्थाको स्तरिकरण गरी गुणस्तर सुनिश्चित गर्ने ।
- वित्तिय रुपमा स्वस्थ तथा सुरक्षित रहँदै सदस्य मैत्री प्रतिस्पर्धात्मक सेवाप्रहा गर्न सक्षम बनाउने ।
- साकोसको योजना वद्ध विकास तथा व्यावसायिक सेवा प्रवाहमा गुणस्तरको सुनिश्चत गर्ने ।

## PROBATION का सूचकहरु के के हुन् ?

यस साकोसहरुको सहभागितामा संचालित यस कार्यक्रम मूल्यमा आधारीत सेवा प्रवाह गर्ने नेफ्स्कूनको प्रतिवद्धता बमोजिम संचालन हुनेछ । यो कार्यक्रम एक्सेसको पुर्वाधार बनाउने उद्देश्य अनुरुप शुरु गरिएको, यसमा सफल हुने संथा नेपाल गुणस्तको हुने, यस कार्यक्रममा भाग लिन इच्छुक साकोसहरुले नेफ्स्कूनले तोकेको न्यूनतम मापदण्ड कुल सम्पत्ति न्यूनतम ३ करोड, कम्तिमा ५०० सदस्य र कम्तिमा ३ जना कर्मचारी रहेको हुनुपर्नेछ । संस्थाको अवस्था निर्दिष्ठ सूचकहरुको माध्यमबाट सहभागीतात्मक विधिको प्रयोग गरि पहिचान गरिन्छ । आवश्यक योजना मार्फत सम्पूर्ण सूचकहरुको प्रगतिको अनुगमन निरन्तर गर्दै वर्षको अन्तमा अन्तिम अडिट मार्फत प्राप्त अंकको आधारमा ब्राण्ड प्रदान गरिन्छ । ८० भन्दा बढी अंक ल्याउने साकोसले सर्वोत्तम ब्राण्ड प्राप्त गर्नेर ब्राण्डको अवधिक अधिक १ वर्षको हुनेछ । यस कार्यक्रममा सहभागी साकोसहरुको कार्यस्थलमा नै सबै सूचकहरुको अवस्थाको अध्ययपन गरिन्छ ।

## पर्ल्स (PEARLS) वित्तिय अनुगमन प्रणाली

पर्ल्स अनुगमन प्रणली बचत तथा ऋण सहकारी संस्थाहरुको वित्तीय अनुपात मापन गर्ने व्यवस्थापकीय औजार हो । पर्ल्स अनुगमन प्रणालीलाई विश्व ऋण परिषदले सन् १९९० देखि प्रयोगमा ल्याएको छ । सहकारी विभागद्वारा २०६८ साल बैशाख १ गते देखि जारी गरिएको सहकारी संघ/संस्था मापदण्डमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले पर्ल्स अनुगमन विधि अवलम्बन गर्नुपर्ने प्रावधान समेत राखिएको छ ।

पर्ल्स अनुगमन प्रणालीमा वित्तीय अवस्था मापन गर्ने ८६ वटा सूचकहरु रहेका छन्, तर नेपाल लगायत विभिन्न देशहरुले आवश्यकता अनुसार १२ देखि २१ वटा सूचकहरुलाई न्यूनतम आधार मानी प्रयोगमा ल्याएका छन् । पर्ल्स अुनगमन प्रणलीको सहायताबाट सहकारी संस्थाको विविध पक्षको वित्तीय विश्लेषण मार्फत संस्थाको सवल पक्ष, दुर्वल पक्ष, सुधार गर्नुपर्ने पक्ष तथा पुग्नु पर्ने लक्ष्यको यकिन गर्न सकिन्छ ।

# नवजागरण बचत तथा ऋण सहकारी संस्था

## २०७६ आषाढ मसान्तसम्मको
## पर्ल्स (PEARLS) विश्लेषण प्रतिवेदन

| क्षेत्र | अनुपात विवरण | हुनु पर्ने | भएको | अवस्था |
|---|---|---|---|---|
| P1 | १ बर्ष भन्दा बढी भाखा नाघेको ऋणको व्यवस्था | १००% | १००% | रामो |
| P2 | १ बर्ष भन्दा कम भाका नाघेको ऋणको व्यवस्था | ३५% | ३५% | रामो |
| P3 | भाखा ननाघेको ऋण रकमको लागि व्यवस्था | १% | १% | रामो |
| E1 | कुल सम्पत्तिको अनुपातमा ऋण लगानी | ७०-८०% | ७२.२९% | रामो |
| E5 | कुल सम्पत्तिको अनुपातमा बचत निक्षेप | ७०-८०% | ७०.१६% | रामो |
| E6 | कुल सम्पत्तिको अनुपातमा वाह्य ऋण | बढीमा ५% | ०.२२% | रामो |
| E7 | कुल सम्पत्तिको अनुपातमा शेयर पुँजि | कम्तीमा १०% | १०.६% | राम्रो |
| E8 | कुल सम्पत्तिको अनुपातमा कुल संस्थागत पुँजि | कम्तीमा १०% | १२.५८% | राम्रो |
| E9 | कुल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पुँजि | कम्तीमा १०% | १२.५८% | राम्रो |
| A1 | लगानीमा रहेको जम्मा ऋणमा भाखा नाघेको अनुपात | ५% भन्दा कम | ४.७९% | राम्रो |
| A2 | कुल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्ति | ५% भन्दा कम | १.९१% | राम्रो |
| R9 | औषत सम्पत्तिको अनुपातमा संचालन खर्च | ५% भन्दा कम | ३.२१% | राम्रो |
| L1 | कुल बचतको अनुपातमा तरल सम्पत्ति | कम्तीमा १०% | २६.८८% | राम्रो |
| L3 | नकमाउने तरल सम्पत्ति कुल सम्पत्ति (नगद) | १% भन्दा कम | ०.१२% | राम्रो |
| S10 | सदस्यतामा बृद्धिदर | कम्तीमा १०% | १२.७०% | राम्रो |
| S11 | कुल सम्पतिमा बृद्धि | मुद्रास्फितिको दर | १३.२४% | राम्रो |

# Nawajagaran MOBILE & SMS Banking

## अब तपाँईको सहकारी तपाँईसँगै

## जहिलेपनि जहाँपनि .....!

- व्यालेन्स जानकारी
- मोबाइल तथा DISH HOME रिचार्ज
- मिनी स्टेटमेन्ट
- रकम ट्रान्सफर
- विजुलिको विल भुक्तानी




## मोबाइल एप्स कसरी चलाउने त !

- Google Play Store बाट Nawajagaran SACCOS App डाउनलोड गर्नुहोस् ।
- संस्थाको कार्यालयमा फारम भरि पिन नं. लिनुहोस्

**नवजागरण**
**बचत तथा ऋण सहकारी संस्था लि.**

www.nawajagaran.coop.np

मन्थली न.पा. १, रामेछाप, फोन नं. ०४८-५४०३८०
E-mail: nawajagaransaccos@gmail.com

# नवजागरण साकोस नै .....

# किन त ?

- सदस्यको चाहना अनुसारका बचत सेवाहरु उपलब्ध,
- सहुलियत व्याजदरमा सरल प्रक्रियाबाट ऋण सेवा,
- निःशुल्क रु. १ लाख बराबरको दुर्घटना बिमा सुविधा,
- सदस्यको मृत्युमा रु. २० हजार सम्मको राहत सुविधा,
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघद्वारा विकास गरिएको सहकारीहरुको पेशागत विकास कार्यक्रममा सहभागिता जनाएको,
- नेपाल मापदण्डमा पुग्न *PROBATION Branding* कार्यक्रममा सहभागी भैरहेको,
- वित्तिय अनुशासन कायम गर्न पूर्ण रुपले *Pearls* प्रणाली लागु गरिएको,
- छोटो समयमा नै सदस्यता र पूँजीमा उत्साहजनक वृद्धि,
- समुदायमा आधारीत सहकारी,
- आवश्यकता अनुसारका नीति, निर्देशिका र कार्यविधिहरुबाट संचालित,
- आफ्नै भवन निर्माणको लागि ५ आना २ पैसा जग्गा खरिद गरीसकेको र भवन निर्माणको लागि पक्रिया सुरु गरिसकेको,
- अत्याधुनिक सफ्टवेयरको प्रयोग,
- विभिन्न पुरस्कार तथा सम्मान प्राप्त,
- नेफ्स्कून स्थापना दिवस २०७६को ३ नं. प्रदेशको उत्कृष्ट संस्था,
- रामेछाप जिल्ला जगेडा कोष बढी भएको संस्था

# नोटः

# नोटः

# नोटः

# कर्मचारीहरू

रमेश कुमार उदाश
(व्यवस्थापक)

रामचन्द्र बुढाथोकी
(सह-व्यवस्थापक)

विनोद कुमार अधिकारी
(ऋण अधिकृत)

प्रेम कुमारी कार्की
(नि. बचत प्रमूख)

सोमेश कार्की
(ऋण सहायक)

बुद्धीमाया माझी
(बचत सहायक)

अनुराधा कर्माचाय
(बचत सहायक)

स्वस्तिका सुवेदि
(बचत सहायक)

देवराज बुढाथोकी
(ऋण सहायक)

टेक बहादुर बरुवाल
(कार्यालय सहायक)

पृथ बहादुर खत्री
(सुरक्षा गार्ड)

लिला बहादुर थापामगर
(सुरक्षा गार्ड)

## ऋण उप-समिति

सोमेश थापा
(संयोजक)

तारानिधि सुवेदी
(सदस्य)

सीताराम कार्की
(सदस्य)

रामहरी उप्रेती
(सदस्य)

सुनिरा श्रेष्ठ
(सदस्य)

## शिक्षा उप-समिति

नारायण ब. कार्की
(संयोजक)

नवराज पथिक
(सदस्य)

बोध ब. रोका
(सदस्य)

मञ्जु दंगाल
(सदस्य)

उमंग मैनाली
(सदस्य)

## महिला उप-समिति

कमला कु. थापा
(संयोजक)

रमा माझी
(सदस्य)

कमला देवी बुढाथोकी
(सदस्य)

## युवा उप-समिति

जगन्नाथ दाहाल
(संयोजक)

नवीन के.सी.
(सदस्य)



सुरेश उदास
(सदस्य)

## बचत उप-समिति

भिमसेन थापा
(संयोजक)

रामचन्द्र राजवंशी
(सदस्य)

नारायण प्र. पौडेल
(सदस्य)

मुकुन्द प्र. प्रसाई
(सदस्य)

रामसुदिश शाह
(सदस्य)

# संस्थाका गतिविधिहरू

सहकारीको नीति परिमार्जन तथा समिक्षा ।

आ.व. २०७६/०७७ को आगामि कार्यक्रमका लागि विस्तारीत मञ्च ।

नवजागरण साकोस संचालक र कर्मचारीको सामुहिक फोटो ।

बाल भेला तथा वनभोज कार्यक्रममा बाल सदस्यहरुसँग ।

२० औं साधारण सभामा उत्कृष्ट बचत तथा ऋण कर्ताहरुलाई पुरस्कार दिदै ।

#Emerge_Design | Print #01163099, www.emergeinfosys.com